# नगर शिक्षा योजना

## सुन्दरहरैंचा नगरपालिका

(२०८३/२०८४–२०८७/२०८८)

**प्रकाशक**

सुन्दरहरैंचा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

## हाम्रो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो । समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो नगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो ।

नगर क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण-सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ । भौगोलिक अवस्था, सामाजिक-आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन ।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत-साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ । योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

हाम्रो विश्वास छ, शिक्षा केवल विद्यालयको घेराभित्र सीमित रहने विषय होइन, यो त जीवनभरि चलिरहने सिकाइको आधार हो । बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ । सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने दृढ संकल्प व्यक्त गर्दछु ।

नगर प्रमुख

## विषय सूची

## योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ । योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालयको अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका , सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कनको व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सिप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

### क) विषय प्रवेश

संविधानतः सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षासम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुर्‍याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीतामूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजनामार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

शिक्षा, सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशिता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई

योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दा देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिइएको छ ।

क) नेपालको संविधान

ख) सोह्रौँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति, २०७६

झ) दिगो विकास लक्ष्य

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८

ड) राजनीतिक दलका घोषणापत्रहरू

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसैगरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

ण) शिक्षा क्षेत्रका विज्ञहरूसँग परामर्श र सुझाव संकलन

**ग) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरू, चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक

शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत, संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरू उल्लेख गरिएको छ ।

## परिच्छेद -१

## परिचय

### १. सुन्दरहरैँचा नगरपालिकाको वर्तमान अवस्था

### १.१ सुन्दरहरैँचा नगरपालिकाको भौगोलिक अवस्थिति

कोशी प्रदेशकै ऐतिहासिक गौरव बोकेको प्राचिन कालमा विराट राजाको राजधानी समेत रहेको मोरङ जिल्लाका १७ वटा स्थानीय तहहरूमध्ये एक शैक्षिक हवका रूपमा सुन्दरहरैँचा नगरपालिका परिचित रहेको छ। मिति २०७३ साल फागुन २७ गतेको नेपाल सरकारको निर्णयबमोजिम गठन भएको यो नगरपालिकामा कुनैबेला हरैँचा मोरङ जिल्लाको सदरमुकामसमेत रहेको भन्ने विश्वास गरिएकोमा हाल आएर बनेको सुन्दरदुलारी नगरपालिका (सुन्दरपुर र दुलारी गा.वि.स. को संयोजन) र कोशीहरैँचा नगरपालिका (इन्द्रपुर, हरैँचा र मृगौलिया गा.वि.स. को संयोजन) को सुखद समायोजनबाट सुन्दरहरैँचा नगरपालिकाको स्थापना भएको हो। यस नगरपालिकाको कुल जनसङ्ख्या १,२०,२१३ (राष्ट्रिय जनगणना २०७८) रहेको छ, भने यसको कुल क्षेत्रफल ११०.१६ वर्ग कि.मि. रहेको छ । हाल यस नगरपालिकाले बिराटचोकस्थित साविक कोशीहरैँचा नगरपालिकाको प्रशासनिक केन्द्र रहेको स्थानबाटमा सेवा प्रवाह गरिरहेको छ। प्रशासनिक व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरपालिकालाई १२ वटा वडामा विभाजन गरिएको छ।

भौगोलिक दृष्टिले यस नगरपालिकाको अवस्थिति करिब २६.६६° उत्तरी अक्षांश र ८७.४३° पूर्वी देशान्तरमा रहेको छ । यस नगरपालिकाको सिमाना पूर्वतर्फ बेलबारी नगरपालिका, पश्चिमतर्फ सुनसरीको इटहरी उपमहानगरपालिका, उत्तरतर्फ केरावारी गाउँपालिका तथा दक्षिणतर्फ ग्रामथान गाउँपालिका र बुढीगंगा गाउँपालिकासँग जोडिएको छ । यसप्रकार सुन्दरहरैँचा नगरपालिका भौगोलिक, प्रशासनिक तथा सामाजिक दृष्टिले महत्त्वपूर्ण स्थान ओगटेको स्थानीय तहका रूपमा परिचित छ।

**तालिका १**

**वडागत विभाजन**

| वडा नं. | समावेश भएका साविक न.पा. | साविक वडा नं. | केन्द्र | घरधुरी सङ्ख्या | जनसङ्ख्या |
|---|---|---|---|---|---|
| १ | कोशीहरैँचा (हरैँचा) | १३, १४, १५ | साविक हरैँचा गाविस कार्यालय | १५७१ | ६४८४ |
| २ | कोशीहरैँचा (मृगौलिया) | ८, ९, ११ | साविक मृगौलिया गाविस कार्यालय | १६६६ | ६२५५ |
| ३ | सुन्दरदुलारी (दुलारी) | ८, ९ | लक्ष्मीनारायण मन्दिर सभाहल | १२९१ | ५७४९ |
| ४ | सुन्दरदुलारी (दुलारी) | १०, ११ | साविक सुन्दरदुलारी नगरपालिका कार्यालय | १४४९ | ६२८४ |
| ५ | सुन्दरदुलारी (सुन्दरपुर) | ५, ६ | तिनपैनी आसपास | १४४२ | ६२५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सुन्दरदुलारी (सुन्दरपुर) | ३, ४, ७ | साविक सुन्दरपुर गाविस कार्यालय | १७४२ | ७५४० |
| ७ | सुन्दरदुलारी (सुन्दरपुर) | १, २ | ठडिया आसपास | १५८४ | ७०११ |
| ८ | कोशीहरैँचा (मृगौलिया) | ९, १२ | सलकपुर चिरम स्मृति प्रतिष्ठान | १३३८ | ५२३८ |
| ९ | कोशीहरैँचा (इन्द्रपुर) | २, ३ | बुधबारे बजार | १८१० | ८०२६ |
| १० | कोशीहरैँचा (इन्द्रपुर) | १ | खोर्सानि बजार | १९४१ | ९१२९ |
| ११ | कोशीहरैँचा (इन्द्रपुर) | ५, ६, ७ | कर्जुनाचोक | १९८० | ७१४७ |
| १२ | कोशीहरैँचा (इन्द्रपुर) | ४ | साविक कोशीहरैँचा नगरपालिका कार्यालय | ११९१ | ५४४४ |
| | | | जम्मा | १९००५ | ८०५६२ |

**तालिका २**

**नदीनाला तथा सिमसार**

यस नगरपालिकाको पूर्वी सिमानाका रूपमा किस्ती खोला र पश्चिमी सिमानाका रूपमा बुढी खोला रहेका छन्। यहाँ अवस्थित प्रमुख खोला र सिमसारहरूको नाम तल टेवलमा उल्लेख गरिएको छ :

| खोलाको नाम | सिमसारको नाम |
|---|---|
| बुढी खोला | हसिना |
| गछिया खोला | बाघझोडा |
| लोहन्द्रा खोला | किचकगडी सिमसार |
| झरना खोला | |
| सुकुना  खोला | |
| मधुवा/मदाहा खोला | |
| काली खोला | |
| किस्ती खोला | |

वर्षातको समयमा पहाडी क्षेत्रबाट पानीको बहाव बढेर आउने हुँदा यी खोलाहरूमा बाढी आउने गरेकाले प्रत्येक वर्ष कटान तथा भू-क्षयको समस्या निम्तिने गरेको छ, जसका कारण जनधनको क्षति हुनाका साथै नदी/खोला किनारका खेतीयोग्य जमिन तथा वस्तीहरूमा समेत असर पर्ने गरेको छ।

**वनजंगल र वन्यजन्तु**

सुन्दरहरैँचा नगरपालिका वनजंगल र जैविक विविधताको दृष्टिले निकै महत्वपूर्ण रहेको छ । राष्ट्रिय वनका साथै सामुदायिक वन क्षेत्रले कुल क्षेत्रफलको करिब २० प्रतिशत भूभाग ओगटेको छ । पर्यावरणीय दृष्टिकोणले सम्पन्न उक्त वनक्षेत्र वन्यजन्तु तथा चराचुरुङ्गीहरूका लागि उपयुक्त र सुरक्षित मान्न सकिन्छ ।

**प्रमुख वनस्पति**

साल, सिसौ, सिमल, बाँस, जामुन, कदम, खयर, करम, पिपल, बेल, अमला, निम, पलाँस, आँप, कटहर, लिची, नरिवल, सुपारी, केरा, कागती आदि ।

**तालिका ३**

**प्रमुख जनावर**

विभिन्न किसिमका सर्पका प्रजाति, स्याल, कछुवा, खरायो आदि ।

| जलचर | उभयचर | सरीसृप | स्तनधारी |
|---|---|---|---|
| विभिन्न प्रजातिका माछा, कछुवा | विभिन्न प्रजातिका भ्यागुताहरू | विभिन्न प्रजातिका सर्पहरू, गोहोरो, छेपारो आदि | हात्ती, बाँदर, स्याल, फ्याउरो, बँदेल, चित्तल, हरिण आदि |

**प्रमुख चराचुरुङ्गी**

कोइली, मैना, सुगा, काग, भँगेरा, मयुर, हाँस, परेवा, कुखुरा, सारस आदि ।

**तालिका ४**

**पर्यटकीय स्थलहरू**

| क्र.सं. | पर्यटकीय स्थल | ठेगाना | विशेषता |
|---|---|---|---|
| १ | हसिना सिमसार | सुन्दरहरैँचा – ५ | जैविक विविधताले भरिपूर्ण सिमसार क्षेत्र, बनभोजका लागि प्रसिद्द |
| २ | बाघझोडा सिमसार | सुन्दरहरैँचा – १० | जैविक विविधताले भरिपूर्ण सिमसार क्षेत्र, बनभोज तथा जल बिहारका लागि प्रसिद्द |
| ३ | भुल्के जलाधार संरक्षण क्षेत्र | सुन्दरहरैँचा – ८ | सिमसार, जरुवा पानी र मन्दिर सहितको रमणीय स्थल |
| ४ | काली खोला क्षेत्र | सुन्दरहरैँचा – ९ | जरुवा पानि र मन्दिर सहितको रमणीय स्थल |
| ५ | किचमगढी क्षेत्र | सुन्दरहरैँचा – १ | ऐतिहासिक पुरातात्त्विक स्थान |

**तालिका ५**

**धार्मिक स्थलहरू**

| क्र.सं. | धार्मिक स्थल | ठेगाना | विशेषता |
|---|---|---|---|
| १ | काली भगवती मन्दिर | सुन्दरहरैँचा – १ | शक्तिपिठका रूपमा प्रख्यात (प्राचिन) |
| २ | किचक गढी (थान) | सुन्दरहरैँचा – १ | ऐतिहासिक पुरातात्त्विक स्थान |
| ३ | साकेला थान | सुन्दरहरैँचा – १० | किराँत समुदायको सांस्कृतिक तथा धार्मिक केन्द्र |
| ४ | ग्रामथान धार्मिक स्थल | सुन्दरहरैँचा – १, २, ३ र ११ | मन्दिर आदि |
| ५ | नेपाली जामे मस्जिद | सुन्दरहरैँचा – ९ | मुस्लिम समुदायको प्रमुख मस्जिद |
| ६ | चर्च | विभिन्न वडामा | इसाई समुदायको आस्थाको केन्द्र |
| ९ | बौद्ध गुम्बा / विहार | सुन्दरहरैँचा –६, १० | बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र |
| १० | पाथिभरा मन्दिर | सुन्दरहरैँचा – ८ | प्रसिद्ध शक्तिपीठ |
| ११ | नयाँ वृन्दावन गौशाला | सुन्दरहरैँचा – ५ | हिन्दु धार्मिक स्थल |
| १२ | श्री कृष्ण प्रणामी मन्दिर | सुन्दरहरैँचा – ९ | प्रणामी समुदायको प्रमुख आस्थाको केन्द्र |
| १३ | शिवालय | सुन्दरहरैँचा – १२ | हिन्दु धार्मिक स्थल |
| १४ | नागदेवी मन्दिर | सुन्दरहरैँचा – ९ | हिन्दु धार्मिक स्थल |

### १.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कुल जनसङ्ख्या १,२०,२१३ रहेकोमा महिला ५२.६% र पुरुष ४७.४% रहेको छ।

### १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

सुन्दरहरैँचा नगरपालिका बहुजातिय, बहुभाषिक र बहुसांस्कृतिक, सामाजिक विशेषता भएको एक ऐतिहासिक महत्त्व बोकेको क्षेत्र हो। भाषिक प्रयोगका हिसावले यस नगरपालिकामा नेपाली भाषा बोल्ने जनसङ्ख्याको बाहुल्य छ। यहाँका प्रमूख धर्महरूमा हिन्दु, किराँत, बौद्ध, इस्लाम र इसाई आदि हुन्। यस पालिकामा सामाजिक तथा सांस्कृतिक संरचनाका दृष्टिले हेर्दा विभिन्न मूल्य-मान्यता, रितिरिवाज र धर्मसंस्कृति मान्ने मानिसहरूको समिश्रण भएको पाइए तापनि उनीहरूबिच सहिष्णु भावना रहेको पाइन्छ । यस क्षेत्रमा मूख्य गरेर बहुसङ्ख्यक मानिसहरू विशेष चाडको रूपमा दशैँ तिहार मनाउँदछन् भने ल्होसार, उधौली उभौली र सिरुवा पर्व दशैँ र तिहार पछिका महत्त्वपूर्ण चाडहरू हुन् । यस नगरभित्र बसोबास गर्ने जातिहरूमा ब्राह्मण, क्षेत्री, राई, गुरूङ, नेवार, तामाङ, भोटे, लिम्बू, मगर, कामी, दमाई, सार्की, गिरी, पुरी, सन्यासी, थारू, झाँगड, मुसहर, मुस्लिम लगायत विभिन्न जातजातिहरूको सह-अस्तित्व रहेको पाइन्छ। विशेष गरी वडा नं. १, २, ११ मा प्राचीन बस्ती संरचना र परम्परागत थारु संस्कृतिको प्रभाव स्पष्ट देखिन्छ। शहरीकरण र बाह्य बसाइँसराइका कारण सांस्कृतिक मिश्रण बढ्दै गएको छ, जसले आधुनिकता र परम्पराको संयोजनलाई देखाउँछ। यसबाट के देखिन्छ भने यस नगरपालिकाको धार्मिक, सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त, गतिशील र सुन्दर रहेको छ। उच्च साक्षरता, बहुजातीय संरचना र ऐतिहासिक पहिचानहरू यसका मुख्य

विशेषताहरू हुन् तर तीव्र शहरीकरण, सांस्कृतिक क्षयको जोखिम र सामाजिक असमानता जस्ता चुनौतीहरू पनि बेलाबेलामा देखिने गरेका छन् । तसर्थ, समावेशी विकास नीति, सांस्कृतिक संरक्षण कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन् ।

### १.४ आर्थिक अवस्था

वर्तमान समयमा सुन्दरहरैँचा नगरपालिका शहरीकरणतर्फ उन्मुख हुँदै गएकोले यस क्षेत्रको अर्थतन्त्र मुख्यतः कृषि, व्यापार, उद्योग, विप्रेषण, आवास निर्माण तथा रियल स्टेट क्षेत्रहरूमा केन्द्रित रहेको छ । प्रदेश राजधानीसँगको निकटताका कारण यहाँ घरजग्गा कारोबार, होटल तथा रेष्टुरेन्ट व्यवसाय, यातायात सेवा, निजी शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार भएको छ । परम्परागत कृषि गतिविधि अझै केही स्थानमा कायम भए तापनि तिब्र सहरीकरणका कारण खेतियोग्य जमिन घट्दै गएको छ, जसले उत्पादनमा ह्रास ल्याई आत्मनिर्भरतामा नकारात्मक असर पर्ने देखिन्छ ।

सुन्दरहरैँचाको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ । एकातर्फ, प्रदेश राजधानी नजिकको रणनीतिक अवस्थाले लगानी, रोजगारी र उद्यमशीलताका सम्भावना बढाएको छ भने अर्कोतर्फ असंगठित श्रम बजार, सिप र बजार मागबीच असन्तुलन तथा आय असमानता जस्ता समस्याहरू विद्यमान छन् । तीव्र तथा केही हदसम्म अव्यवस्थित शहरीकरणका कारण दीर्घकालीन आर्थिक योजना र दिगोपनामा असर पार्नसक्ने जोखिम पनि देखिन्छ । त्यसैले स्थानीय सरकारले सिपमूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ । व्यवस्थित शहरी योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्नसके यस नगरपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ ।

### १.५ शैक्षिक अवस्था

नेपाल सरकारको साक्षरता घोषणा कार्यक्रममा कोशी प्रदेश २०७९ साल भाद्र २३ गते भएको र मोरङको साक्षारता प्रतिशत ९६.५० प्रतिशत प्राप्त गरी यो प्रदेशको १४ वटा जिल्लमा सातौँ स्थानमा पर्न सफल यस सुन्दरहरैँचा नगरपालिकामा अधिकांश क्षेत्रहरू शहरोन्मुख रहेकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधारको संक्रमणको चरणमा रहेको देखिन्छ । यस नगरपालिका अन्तर्गत सामुदायिकतर्फ ३५ वटा र संस्थागततर्फ ४६ वटा र एक सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो ।

यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ । तर बढ्दो जनसङ्ख्या र शहरीकरणको दबाबका कारण विद्यालय भवन, कक्षाकोठा, खेलमैदान तथा प्रयोगशाला जस्ता भौतिक पूर्वाधार सबै विद्यालयमा समान रूपमा पर्याप्त छैनन् भन्ने संकेत देखिन्छ । नगरपालिकाले आफ्नो शिक्षा नीतिमा **शत प्रतिशत भर्ना दर** पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ । अर्कातर्फ पूर्वाञ्चल विश्वविद्यालय देशको एक महत्त्वपूर्ण विश्वविद्यालय यस क्षेत्रभित्रै रहनु तथा उच्च शिक्षाका लागि सुकुना बहुमुखी क्याम्पससमेत रहेकाले यस नगरपालिकालाई शैक्षिक हवका रूपमा समेत लिन सकिन्छ ।

यस नगरपालिकाका विद्यालयहरूमा शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत र तहगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ । मुख्य रूपमा विज्ञान, गणित र अंग्रेजी जस्ता अनिवार्य विषयहरूमा आवश्यक सङ्ख्यामा शिक्षक

दरवन्दी पुर्याउन नसक्दा गुणस्तरीय शिक्षा प्राप्तिमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा प्रभाव परेको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रमहरू आयोजना हुनु सकारात्मक पहल भए तापनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन गर्नुपर्ने आवश्यकता छ । यस नगरपालिकाद्वारा लैङ्गिक असमानता न्यूनीकरणका लागि सञ्चालित "छात्रासँग उपमेयर" कार्यक्रम शिक्षा क्षेत्रमा ल्याइएको एक प्रभावकारी शैक्षिक कार्यक्रम हो।

## २. सुन्दरहरैँचा नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण

**तालिका ६**

**समुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको संख्या**

**क) शिक्षक तथा कर्मचारीको वर्तमान अवस्था (सामुदायिक तर्फ):**

| क्र.स. | शिक्षक तथा कर्मचारी विवरण | आरधारभूत तह | | | माध्यमिक तह | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा १ - ५ | कक्षा ६- ८ | जम्मा | कक्षा ९- १० | कक्षा ११- १२ | जम्मा | |
| १. | स्थायी शिक्षक | १५४ | ४१ | १९५ | ३२ | दरबन्दी नभएको | ३२ | |
| २. | अस्थायी शिक्षक | १८ | १ | १९ | १ | दरबन्दी नभएको | १ | |
| ३. | राहत शिक्षक | ३५ | १२ | ४७ | ११ | १३ | २४ | |
| ४. | सङ्घीय अनुदान शिक्षक | दरबन्दी नभएको | ५ | ५ | ९ | दरबन्दी नभएको | ९ | |
| | सङ्घीय अनुदान प्राविधिक | दरबन्दी नभएको | २ | २ | २ | २ | ४ | |
| ५. | प्रदेश अनुदान शिक्षक | | | दरबन्दी नभएको | | | दरबन्दी नभएको | |
| ६. | स्थानीय अनुदान शिक्षक | | | दरबन्दी नभएको | | | ३ | |
| ७. | सहजकर्ता (बालबिकास) शिक्षक | | | ७७ | | | दरबन्दी नभएको | |
| ८. | सङ्गीत तथा वाध्यवाधन शिक्षक | | | दरबन्दी नभएको | | | दरबन्दी नभएको | |
| ९. | विद्यालय नर्स | | | दरबन्दी नभएको | | | ३ | |
| १०. | योगध्यान शिक्षक | | | दरबन्दी नभएको | | | दरबन्दी नभएको | |
| ११. | खेलकुद शिक्षक | | | दरबन्दी नभएको | | | दरबन्दी नभएको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२. | मनोपरामर्श शिक्षक | | | दरबन्दी नभएको | | | दरबन्दी नभएको | |
| १३. | लेखा कर्मचारी | | | दरबन्दी नभएको | | | ११ | |
| १४. | सहयोगी कर्मचारी | | | दरबन्दी नभएको | | | ४२ | |
| १५. | सरसफाइ कर्मचारी | | | दरबन्दी नभएको | | | दरबन्दी नभएको | |
| १६. | सुरक्षा कर्मचारी | | | दरबन्दी नभएको | | | दरबन्दी नभएको | |
| | जम्मा | | | ३४५ | | | १२९ | |

**स्रोत: IEMIS 2082**

विद्यार्थी भर्नादर सन्तोषजनक भएपनि केही बालबालिकाहरू विद्यालय कहिल्यै नगएका वा बीचमा नै छोड्ने समस्या कायम छ । गरिबी, पारिवारिक अवस्था, बसाइँसराई र सिकाइप्रतिको अरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित भएको छ । "भर्ना शतप्रतिशत" र "ड्रपआउट शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ । सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधिको एकीकरण अपरिहार्य विषयहरू हुन् ।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च देखिए तापनि पुरुष र महिला बीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ । अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ । शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो । वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरणको सुधारतर्फ संकेत गर्दछ । तर सबै विद्यालयहरूमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध हुन नसक्दा शिक्षण सिकाई तथा प्रविधिमा असमानता रहेको पाउन सकिन्छ ।

यस नगरको शिक्षाको बजेटमा बढोत्तरी, स्मार्ट प्रविधिको प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीतिलाई प्रभावकारी कार्यान्वयन गर्नसके दीर्घकालीन रूपमा सिकाई उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ ।

## ख. कक्षागत विद्यार्थीको वर्तमान अवस्था

**तालिका ७**

**विद्यालयहरूमा रहेको विद्यार्थी संख्या**

| कक्षा | सामुदायिक | | संस्थागत | | धार्मिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | २०८१ | २०८२ | २०८१ | २०८२ | २०८१ | २०८२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१२** | १५२६ | १४७१ | ३२९ | ५०६ | - | - | |
| **११** | १४७४ | १५१९ | २९३ | ४९७ | - | - | |
| **१०** | १५३९ | १३१८ | ७७२ | ९५७ | - | - | |
| **९** | १४६८ | १४४४ | ९८५ | ११६० | - | - | |
| **८** | १३०७ | १३०१ | १२१९ | १३३५ | ० | १६ | |
| **७** | १२९९ | १२८७ | १३९० | १४४८ | २६ | ३४ | |
| **६** | १२३१ | १०५१ | १५२२ | १६०३ | ३१ | ३१ | |
| **५** | १००४ | ९६४ | १६६६ | १७८० | ४२ | ३७ | |
| **४** | ९४९ | ८९४ | १७२७ | १७४८ | ४९ | ३९ | |
| **३** | ८४५ | ७४४ | १७६१ | १७७२ | ४७ | ४६ | |
| **२** | ८४४ | ७१५ | ९५५ | १८८० | ५६ | ३८ | |
| **१** | ७९५ | ७३८ | १९४६ | १३९७ | ४१ | २९ | |
| **ECD** | १६८४ | १५३३ | ४११६ | ३८३३ | १०२ | ८१ | |
| **जम्मा** | १५९६५ | १४९७९ | १६६८१ | १८९१६ | ३९४ | ३५१ | |

**स्रोत: IEMIS 2082**

### ग. सबल पक्षहरू

सुन्दरहरैँचा नगरपालिकाको शिक्षा क्षेत्रमा देखिएका सबल पक्षहरू:

- निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन, विद्यार्थी भर्ना अभियान, छात्रवृत्ति, दिवा खाजा र पोसाक वितरण कार्यक्रम सञ्चालन।
- नगरभित्रका विद्यार्थीहरूको शैक्षिक प्रदर्शनी, **"ज्ञान र सिपको उत्सव सुन्दरहरैँचा शैक्षिक महोत्सव"** आकर्षक नारासहित तीन दिवसीय शैक्षिक महोत्सव आयोजना।
- लैङ्गिक असमानता न्यूनीकरणका लागि "छात्रासँग उपमेयर" शैक्षिक कार्यक्रम सञ्चालित।
- बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री विद्यालय पूर्वाधार विकास।
- सबै विद्यालयमा स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, इन्टरनेट तथा डिजिटल सामग्री नभएकाले प्रविधिमैत्री शिक्षण सिकाइतर्फ अग्रसरता।
- महिला, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत समूहका लागि समावेशी शिक्षा र विशेष सहयोग कार्यक्रम।
- महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुर्‍याएको छ।
- राष्ट्रपति रनिङ सिल्डमा पटकपटक जिल्ला प्रथम भई राष्ट्रिय प्रतियोगितामा समेत पदकहरू प्राप्त।
- सामुदायिक सिकाइ केन्द्रमार्फत वयस्क साक्षरता, निरन्तर शिक्षा तथा जीवनोपयोगी सिप विकास कार्यक्रम सञ्चालन।
- नियमित शैक्षिक अनुगमन, अभिभावक-शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप तथा प्रतिभा विकास कार्यक्रम सञ्चालन।

- प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवालाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गर्ने प्रयास।
- आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने प्रयास।
- एस इ इ (SEE) मा ४ जीपिए प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि हुँदै गएको।

## ३. शिक्षा क्षेत्रका मूख्य समस्याहरू

सुन्दरहरैँचा नगरपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहायबमोजिम विश्लेषण गरिएको छ:

### क) समतामूलक पहुँच र सहभागिता

**तालिका ७ क**

**विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा उत्तीर्ण प्रतिशत विवरण**

| कक्षा | नेपाली | | | सामाजिक | | | अंग्रेजी | | | गणित | | | विज्ञान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनताती | अन्य | दलित | जनताती | अन्य | दलित | जनताती | अन्य | दलित | जनताती | अन्य | दलित | जनताती | अन्य |
| १ सिकाइ उपलब्धि | | | | | | | | | | | | | | | |
| १ उत्तीर्ण प्रतिशत | | | | | | | | | | | | | | | |
| ५ सिकाइ उपलब्धि | | | | | | | | | | | | | | | |
| ५ उत्तीर्ण प्रतिशत | | | | | | | | | | | | | | | |
| ८ सिकाइ उपलब्धि | | | | | | | | | | | | | | | |
| ८ उत्तीर्ण प्रतिशत | | | | | | | | | | | | | | | |
| १० सिकाइ उपलब्धि | | | | | | | | | | | | | | | |
| १० उत्तीर्ण प्रतिशत | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२<br>सिकाइ<br>उपलब्धि | | | | | | | | | | | | | | | |
| १२<br>उत्तीर्ण<br>प्रतिशत | | | | | | | | | | | | | | | |

**स्रोत: IEMIS 2082**

सुन्दरहरैँचा नगरपालिकाको शिक्षा क्षेत्रका समतामूलक पहुँच र सहभागिताका अवस्थाहरू

- ✓ भर्ना दर सन्तोषजनक भएपनि केही बालबालिकाले बीचैमा विद्यालय छोड्ने समस्या कायम छ।
- ✓ गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभाव विद्यालय छोड्ने मुख्य कारण हुन्।
- ✓ विशेष क्षमता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशका बालबालिकाको अर्थपूर्ण सहभागिता अझै चुनौतीपूर्ण छ।
- ✓ अभिभावक शिक्षाको अभावले घर-विद्यालय समन्वय कमजोर बनेको छ।
- ✓ समतामूलक पहुँचका लागि लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रम सुदृढ बनाउन आवश्यक छ।

**ख) <u>गुणस्तर र सान्दर्भिकता</u>**

- ➢ शिक्षण-सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै कायम छ।
- ➢ विद्यार्थीकेन्द्रित, खोजमूलक तथा प्रयोगात्मक शिक्षण अभ्यासहरूमा मात्रै कक्षाकोठा सीमित छन्।
- ➢ विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृतिको अभाव छ।
- ➢ स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकताबीच सम्बन्ध कमजोर बनेको छ।
- ➢ जीवनोपयोगी सीप विकासमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।
- ➢ प्रविधिमैत्री शिक्षणमा घर र विद्यालयबीच प्रभावकारी समन्वय हुन सकेको छैन।
- ➢ व्यावहारिक तथा प्रयोगात्मक शिक्षासम्बन्धी सचेतना सबै अभिभावकसम्म पुग्न सकेको छैन।
- ➢ शिक्षालाई संस्कार र जीवनोपयोगी सीपसँग प्रभावकारी रूपमा जोड्न चुनौती रहेको छ।
- ➢ शिक्षा नीति, मूल्याङ्कन प्रणाली, स्रोतसाधन, अभिभावकको सोच, विद्यार्थी स्तर र शिक्षण विधिबीच समन्वयको अभाव छ।
- ➢ शिक्षक तालिम र तालिमको व्यावहारिक कार्यान्वयनबीच तालमेल कमजोर छ।
- ➢ आवश्यक जनशक्ति अभावका कारण विद्यालयमा सुपरिवेक्षण तथा अनुगमन प्रभावकारी हुन सकेको छैन।

- समयको मागअनुसार तालिममा प्रविधिको पर्याप्त समावेश हुन सकेको छैन ।

## ग) शिक्षक व्यवस्थापन

- आवश्यकताअनुसार शिक्षक व्यवस्थापन गर्न सकिएको छैन ।
- शिक्षा ऐन तथा नियमावलीअनुसार तहगत प्रधानाध्यापकको व्यवस्था हुन सकेको छैन ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दीहरू पर्याप्त छैनन् ।
- विज्ञान, गणित र अंग्रेजी विषयमा शिक्षक दरवन्दीको अपर्याप्तताले सिकाइ उपलब्धिमा असर परेको छ ।
- शिक्षकहरूको निरन्तर पेशागत विकास तथा प्रविधिमैत्री तालिम अपर्याप्त छन् ।
- समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् ।
- शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र नियुक्ति प्रक्रियाका विवादले पेशागत स्थायित्व तथा मनोबलमा नकारात्मक असर पर्ने देखिन्छ ।

## घ) भौतिक पूर्वाधार

- धेरै विद्यालयमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन र पर्याप्त फर्निचरको अभाव छ ।
- पुस्तकालय, आईसिटि ल्याब, विज्ञान प्रयोगशाला र विषयगत प्रयोगशाला जस्ता आधारभूत सुविधा पर्याप्त छैनन् ।
- कतिपय विद्यालय भवन जीर्ण अवस्थामा रहेकाले विद्यार्थी सुरक्षामा जोखिम देखिन्छ ।
- आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा सीमित छन् ।
- डिजिटल शिक्षण-सिकाइ प्रक्रियाको असमानताले सिकाइ उपलब्धिमा विविधता देखिएको छ ।
- मापदण्डअनुसार भवन, कक्षाकोठा र फर्निचरको व्यवस्थापन समयानुसार परिवर्तन गर्न सकिएको छैन ।
- धेरै विद्यालयमा व्यवस्थित खेलमैदानको सुविधा उपलब्ध छैन ।

## ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

- संविधानअनुसार माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा आएपछि पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीमा नयाँ चुनौती थपिएका छन् ।
- स्रोतसाधन र मानवशक्तिको प्रभावकारी व्यवस्थापन अभावले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयनमा ढिलाइ भएको छ ।
- स्थानीय पाठ्यक्रम कक्षा १-५ का लागि निर्माण गरिएको छ । त्यसलाई प्रभावकारी बनाउन समय सापेक्ष अद्यावधिक गर्दै लैजानु आवश्यक छ ।
- सिकाइ उपलब्धिको वैज्ञानिक र तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिएको छ ।
- विद्यालयका शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र पृष्ठपोषण प्रणाली पर्याप्त र सुदृढ छैन ।
- परीक्षाकेन्द्रित अभ्यासका कारण सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन ।

- कक्षा १-३ को एकीकृत तथा अन्तरविषयक पाठ्यक्रमको निरन्तर मूल्याङ्कन प्रणाली व्यावहारिक रूपमा कार्यान्वयन गर्न कठिनाइ रहेको छ ।
- शिक्षक तालिमको अभावले कक्षा १-५ को आन्तरिक मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन ।
- पाठ्यक्रम प्रवोधीकरण तालिम तथा गोष्ठीको अभावले पाठ्यघण्टा र कार्यघण्टा मिलान तथा प्रश्नपत्र निर्माणमा कठिनाइ देखिएको छ ।

**च) <u>समता र समावेशीकरण</u>**

- अपाङ्गता भएका, दलित, पिछडिएका तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न थप संरचनागत सुधार आवश्यक छ ।
- लैङ्गिक विभेद, सामाजिक असमानता तथा आर्थिक अवस्था कमजोर हुनाले शिक्षामा समान पहुँच र अवसर प्राप्तिमा अवरोध सिर्जना गरेको छ ।
- समावेशी पूर्वाधार, सहायक सिकाइ सामग्री तथा बालमैत्री वातावरण पर्याप्त रूपमा विकास हुन सकेको छैन ।
- समावेशी शिक्षाका लागि आवश्यक संवेदनशील तथा दक्ष शिक्षक तयारी अझै अपर्याप्त छ ।
- सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न लक्षित सहयोग तथा अभिभावक सचेतना कार्यक्रम सुदृढ बनाउन आवश्यक देखिन्छ ।
- समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालयस्तरमा समावेशी नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ ।

**छ) <u>विद्यालय सुशासन र व्यवस्थापन</u>**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिताको अभाव देखिन्छ । पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ । विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको **चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को अभाव छ । शैक्षिक सत्र र शैक्षिक क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ । माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने **लगानी र बजेटको व्यवस्थापन** चुनौतीपूर्ण रहेको छ । तसर्थ विद्यालयलाई सुशासन र व्यवस्थापन गर्न लुथर गुल्ली र उर्भिक द्वारा प्रतिपादित पोष्टकर्व (POSDCORB) को सिद्धान्त पूर्णरूपमा पालना र प्रयोग गर्नुपर्ने देखिन्छ ।

- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- विद्यालयमा आवश्यकताअनुसार विभिन्न समिति र उपसमिति गठन र कार्यदक्षताको मूल्याङ्कन ।
- मानव स्रोत साधनको उचित व्यवस्थापन ।
- प्रधानाध्यापकको निष्पक्ष र तटस्थ नेतृत्वदायी भूमिका ।
- समुदाय र विद्यालयबिच समन्वयात्मक भूमिका ।

- IEMIS मा नियमित र याथार्थपरक अभिलेखिकरण ।
- पारदर्शी सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण ।

समग्रमा हेर्दा  सुन्दरहरैँचा नगरपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भएपनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ । प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्नसके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

## ४. शिक्षा क्षेत्रका मूख्य अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्नसक्ने अवसर प्राप्त भएको छ । यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण-सिकाइ, अनलाइन सामग्री र शिक्षक-विद्यार्थी समन्वयमा सहजता आएको छ । स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यावहारिक  र वर्तमान चुनौतीसँग सुसंगत हुने सम्भावना बढेको छ । त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ । साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ । यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले यस नगरपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ । २१ औँ शताब्दीको शिक्षामा शैद्धान्तिक ज्ञान मात्र पर्याप्त छैन त्यसैले तरिकाहरू अवसरका रूपमा अपनाएर श्रम र संस्कृतिसँग जोड्दै व्यावहारिक ज्ञान दिन सकिन्छ :

- कक्षाकोठामा समास्या समाधान र समालोचनात्मक सिपमा जोड दिने ।
- नेतृत्व र सहकार्यको विकासका लागि विभिन्न क्लव र समितिहरूमा सहभागी गराउने ।
- मानसिक स्वस्थ्य र भावनात्मक सन्तुलनका लागि साङ्गितीक तथा मनोरञ्जनात्मक कार्यक्रममा सहभागिताको  अवसर दिने ।
- उद्यमशीलता र वित्तिय साक्षरताका लागि शैक्षिक महोत्सवमा सहभागिता गराउने ।
- स्थानीय ज्ञानलाई विश्वव्यापीकरण गर्ने ।
- सामुदायिक संलग्नता र सामाजिक उत्तरदायित्व बोध गराउँदै नवप्रवर्तनहरूमा सहभागी गराउने ।

## ५. शिक्षा क्षेत्रका चुनौतीहरूको SWOT विश्लेषण

सुन्दरहरैँचा नगरपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ । लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक

विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ। जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्मदर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनोटका कारण व्यावहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरवन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनलाई पूर्णता दिन चुनौती देखिन्छ। दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउँछ। साथै, विपत्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ। जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्दछ। सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ। यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा यस नगरपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ चुनौतीहरूलाई बुँदामा संक्षिप्त रूपमा प्रस्तुत तल गरिएको छ :

- ✓ सबै बालबालिकालाई समानरूपमा गुणस्तरीय शिक्षा उपलब्ध गराउन ।
- ✓ लैङ्गिक, भाषिक, आर्थिक, जातीय तथा सामाजिक विविधताको व्यवस्थापन गर्न।
- ✓ विद्यालय नक्साङ्कन तथा शिक्षक दरवन्दीको न्यायोचित वितरणमा समस्या रहेको।
- ✓ निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनका लागि पर्याप्त आर्थिक स्रोतको सुनिश्चितता।
- ✓ परम्परागत सिकाइ पद्धतिलाई आधुनिक शैक्षिक पद्धतिमा रुपान्तरण गर्न ।
- ✓ पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा समयानुकुल सुधार गर्न।
- ✓ शिक्षणसिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको पर्याप्तता र प्रभावकारीता सुनिश्चित गर्न ।
- ✓ विपद्का समयमा वैकल्पिक सिकाइ प्रणाली सञ्चालन गर्न।
- ✓ आजीवन सिकाइ कार्यक्रममा समान अवसर सुनिश्चित गर्न।
- ✓ विद्यालयको भौतिक पूर्वाधार विकासका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन र परिचालन गर्न।
- ✓ हरित विद्यालय निर्माण तथा तोकिएका दिगो विकासका लक्ष्य पूरा गर्न।
- ✓ जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै दिगो शिक्षा प्रणाली विकास गर्न।

**तालिका ८**
***सुन्दरहरैँचाको शैक्षिक SWOT***

सुन्दरहरैचा नगरपालिकाको शिक्षा क्षेत्रको (SWOT ) सबल पक्षहरू, कमजोर पक्षहरू, अवसरहरू र चुनौतीहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ:

| सबल पक्षहरू | कमजोर पक्षहरू | अवसरहरू | चुनौतीहरू |
|---|---|---|---|
| १. समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्ने स्पष्ट मार्गचित्र हुनु।<br>२. लैङ्गिक, भाषिक, भौगोलिक र सामाजिक-आर्थिक विविधतालाई शिक्षा क्षेत्रको विकासका लागि महत्त्वपूर्ण आधार हुनु,<br>३. सबै क्षेत्रमा विद्युतीकरण गरिएकाले विद्यालय तहमा ICT को उपलब्धता हुनु,<br>४. हरित विद्यालयको अभियानका रुपमा सञ्चालन गर्ने योजना बन्नु<br>५. पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा समयानुकुल सुधार हुनु।<br>६. बालबालिकामा स्थानीय पाठ्यक्रम हामी र हाम्रो सुन्दरहरैँचाले यस क्षेत्रको जानकारी हुनु | १ दक्ष जनशक्तिको कमि,<br>२ आर्थिक स्रोतको सिमितता<br>३ पूर्वाधार र प्रविधिको कमि,<br>४ आजीवन सिकाइ कार्यक्रमको अभाव<br>५ दिगो शिक्षा प्रणाली विकासमा कमी<br>६. प्रभावकारी र व्यावहारिक शिक्षक तालिमको अभाव हुनु।<br>७ भौतिक स्रोत साधनमा कमी<br>८ विद्यालय प्रशासनीक क्षमता र शैक्षिक गुणस्तरमा कमी | १ दरवन्दी र नक्सांकन सुधार,<br>२ हरित र बालमैत्री विद्यालयको अवधारणा विकास हुनु।<br>३ आधुनिक सिकाई, सूचना प्रविधि र वैकल्पिक माध्यमहरू अपनाएर आजीवन सिकाईका कार्यक्रमहरू सञ्चालन गर्ने सक्ने क्षमता विकास हुनु।<br>४ शैक्षिक गुणस्तर अभिवृद्धि गर्न दुई वा दुई भन्दा धैरै विद्यालय मिलाएर बृहत विद्यालयको नक्सांकनले सरोकारवाला लावान्वित हुनु।<br>५. विद्यार्थीको भर्ना दर र सिकाइ उपलब्धि अभिवृद्धि गर्न अभिभावकहरू जागरुक हुनु।<br>६. विद्यालय र सिकाइ रुपान्तरणका लागि अभिभावक र शिक्षक समूदायमा उत्साह देखिनु। | १ जनसांख्यिक परिवर्तन, वैयक्तिक भिन्नता र विविध क्षमताका बालबालिका हुनु।<br>२ जातजातिगत भिन्नताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा दिन।<br>३ प्राकृतिक विपद र आपतकालीन परिस्थितिहरूले नियमित पठनपाठन र सिकाई अवसरमा अवरोध पुर्याउनु।<br>४. शिक्षण सिकाइमा परम्परागत सोचको सट्टा रुपान्तरित शिक्षण सिकाइको विकास गर्नु।<br>५. शिक्षामा नवप्रवर्तनको विकास गर्नु<br>६. विद्यालयहरूको दिगो स्रोतको व्यवस्थापन गर्नु। |

६ शिक्षा क्षेत्रको भौतिक अवस्था

- सुन्दरहरैँचाका आधारभूत विद्यालयहरूमा पक्की तथा सुरक्षित भवनको आवश्यकता पहिचान गरी क्रमश सबै विद्यालयलाई आकर्षक र सुरक्षित बनाउदै लैजानु पर्ने देखिन्छ ।
- सुन्दरहरैँचा द्रुत गतिमा सहरीकरण भइरहेको र बसाइँसराइ उच्च रहेको कारणले राजमार्ग क्षेत्रका विद्यालयमा विद्यार्थीको चाप बढ्ने र अन्य क्षेत्रमा विद्यार्थीको चाप घट्ने गरेको छ । यसको आधारमा नमूना र बृहत विद्यालयको विकास गर्नु पर्ने देखिन्छ ।
- नगरभित्र रहेका संस्थागत (निजी) र सामुदायिक विद्यालयहरूको सङ्ख्या, गुणस्तर र विद्यार्थी आकर्षणको तुलनात्मक विश्लेषण तथा "निजी-सार्वजनिक साझेदारी (PPP)" को आधारमा नक्सांकन गरी यस क्षेत्रबाट बाहिर अध्ययनमा जाने प्रवाह रोक्नु परेको छ ।
- आर्थिक रूपले विपन्न, सुकुम्बासी र सीमान्तकृत समुदायका बालबालिकाहरूको ड्रप आउट रोक्नु परेको छ ।
- नगर स्तरीय बास्केट फण्ड निर्माण गरी शैक्षिक सुधार कार्यमा निर्देशिका ल्याउनु आवश्य रहेको छ ।
- सम्भाब्यता अध्यान गरी **सबै विद्यालयहरू नगरपालिका प्रति उत्तरदायी र नगरपालिका सबै विद्यालयहरू प्रति उत्तरदायी** कार्यक्रम ल्याएर शिक्षा शाखा विद्यालय सेवा क्षेत्र, विद्यार्थी संख्या र शिक्षक संख्या अनुपात मिलाएर यस नगरलाई शैक्षिक हब निर्माणमा अग्रसर रहनेछ ।

## परिच्छेद २
## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टि

" समयसान्दर्भिक दक्ष जनशक्तिको निर्माण गरी सामाजिक रूपान्तरण गर्नु " ।

### २.२ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय स्रोतसाधनको अधिकतम उपयोग र विकास गर्दै विश्व श्रम बजारमा प्रतिस्पर्धा गर्न दक्ष, सक्षम, नैतिकवान र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने।

### २.३ उद्देश्यहरू

क) सबै बालबालिका तथा लक्षित समुदायको समावेशी, समान र समतामूलक पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षामा सहभागिता अभिवृद्धि गर्नु।

ख) शिक्षणसिकाइ प्रक्रियालाई प्रविधिमैत्री, व्यावहारिक र विद्यार्थीकेन्द्रित बनाई जीवनोपयोगी तथा सिपमूलक शिक्षा प्रवर्द्धन गर्नु।

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु।

घ) स्थानीय स्रोत, साधन, ज्ञान र अवसरको अधिकतम उपयोग गर्दै आत्मनिर्भर, दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु।

ङ) शिक्षक, विद्यालय व्यवस्थापन तथा सरोकारवालाको क्षमता विकास र सक्रिय सहभागितामार्फत प्रभावकारी शैक्षिक सुशासन कायम गर्नु।

च) बालबालिकामा स्वास्थ्य, सामाजिक तथा सामूहिक जीवनशैली, नैतिकता, अनुशासन, सिर्जनशीलता, नेतृत्व र सकारात्मक जीवनमूल्य विकास गरी सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने स्थानीय पाठ्यक्रम निर्माण गर्नु।

### २.४ रणनीतिहरू

**उद्देश्य १ :सबै बालबालिका तथा लक्षित समुदायको समावेशी, समान र समतामूलक पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षामा सहभागिता अभिवृद्धि गर्नु।**

**रणनीतिक योजनाहरू :**

क) आधारभूत शिक्षालाई सबै बालबालिका तथा लक्षित समुदायको लागि **अनिवार्य र निःशुल्क** बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा **"विद्यार्थी भर्ना घरदैलो अभियान"** प्रभावकारी रुपमा सञ्चालन गर्ने,

ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न **दिवा खाजा, छात्रवृत्ति र पोसाक** वितरण गर्ने,

घ) विकट क्षेत्रका वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकताअनुसार **छात्रावास**को व्यवस्था गर्नु ।

ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्थाअनुसार (शारीरिक, सुनाइ, दृष्टि, बोलाई, अटिजम आदि) **ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर** जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्दै अपाङ्गमैत्री विद्यालय वातावरण निर्माण गर्ने ।

च) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि **समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,**

छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन **अभिभावक शिक्षा कार्यक्रम**लाई अभियानकै रूपमा सञ्चालन गर्ने, अभिभावक नभएका बालबालिकाहरूका लागि स्थानीय सरकारले अभिभावकत्व प्रदान गर्ने ।

ज) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्ने ।

**उद्देश्य २:** शिक्षणसिकाइ प्रक्रियालाई प्रविधिमैत्री, व्यावहारिक र विद्यार्थीकेन्द्रित बनाई जीवनोपयोगी तथा सिपमूलक शिक्षा प्रवर्द्धन गर्नु ।

**रणनीतिक योजनाहरू:**

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, **स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट** सुविधाको विस्तार , पहुँचयोग्य र उपलब्धता सुनिश्चित ।

ग) शिक्षाको गुणस्तर कायम गर्न **अनुसन्धान र नतिजामा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को विकास गर्ने ।

घ) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सिपसँग मेल खाने गरी अनुकूल बनाउने ।

ङ) विषयगत र तहगत रूपमा शिक्षक व्यवस्थापन गर्ने ।

च) **शिक्षण सिकाइमा** खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलापमा आधारित सिकाइ प्रवर्द्धन गर्ने ।

छ) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने ।

ज) नियमित मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने ।

**उद्देश्य ३ औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु ।**

**रणनीतिक योजनाहरू**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने ।

ख) "एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा कार्यान्वयनमा ल्याउँदै नगरस्तरीय पुस्तकालयहरूलाई प्रविधिको माध्यमबाट एउटै सञ्जालमा जोड्ने ।

ग) पुरातात्विक महत्त्वका मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने ।

घ) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने ।

ङ) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरी कार्यान्वयन गर्ने ।

**उद्देश्य ४** स्थानीय स्रोत, साधन, ज्ञान र अवसरको अधिकतम उपयोग गर्दै आत्मनिर्भर, दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु ।

**रणनीतिक योजनाहरू**

क) स्थानीय आवश्यकता, स्रोत साधन र श्रम बजारको मागअनुसार सिपमूलक, व्यावहारिक तथा रोजगारमुखी शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

ख) कृषि, उद्यमशीलता, प्रविधि, पर्यटन, हस्तकला लगायत स्थानीय सम्भावनामा आधारित शिक्षणसिकाइ तथा परियोजनामूलक क्रियाकलाप प्रवर्द्धन गर्ने ।

ग) विद्यालय, स्थानीय तह, उद्योग-व्यवसाय, सहकारी तथा समुदायबीच सहकार्य र साझेदारी विस्तार गरी शिक्षालाई उत्पादनमुखी तथा जीवनोपयोगी बनाउने ।

घ) सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगमार्फत विद्यार्थीहरूको डिजिटल साक्षरता, नवप्रवर्तन क्षमता, नेतृत्व तथा उद्यमशील सीप विकास गर्ने ।

ङ) शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गर्दै अनुसन्धानमुखी, प्रविधिमैत्री र विद्यार्थीकेन्द्रित शिक्षण प्रणालीमार्फत आत्मनिर्भर, दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि स्थानीय पाठ्यक्रमलाई आधार बनाइने ।

उद्देश्य ५: शिक्षक, विद्यालय व्यवस्थापन तथा सरोकारवालाको क्षमता विकास र सक्रिय सहभागितामार्फत प्रभावकारी शैक्षिक सुशासन कायम गर्नु ।

**रणनीतिक योजनाहरू**

क) शैक्षिक पेसामा संलग्न जनशक्तिमा लगनशीलता, जवाफदेहिता र पारदर्शीता सुनिश्चित गर्न **परिणाममा आधारित जवाफदेहिता प्रणाली**को विकास गर्ने ।

ख) **तहगत** प्रधानाध्यापक छनोट प्रणालीलाई शिक्षा ऐन र नियमावलीमा व्यवस्था भएअनुसार गर्ने ।

ग) विद्यालय व्यवस्थापन समितिको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने ।

घ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने ।

ङ) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि **एकीकृत तथ्याङ्क प्रणाली**को विकास र सुदृढीकरण गर्ने ।

च) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने ।

छ) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको नियमअनुसार स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको **नियमित अनुगमन र नियमन** गर्ने ।

ज) शैक्षिक जनशक्ति र नेतृत्त्व तहका लागि स्पष्ट **आचारसंहिता** निर्माण गरी लागु गर्ने ।

झ) नगरपालिकामा रहेका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्दा **सरोकारवालाको सहभागितामा दरवन्दी मिलान निर्देशिका निर्माण गरेर व्यवस्थापन** गर्ने ।

ञ) प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित **तालिम र नेतृत्व विकास** कार्यक्रमहरू सञ्चालन गर्ने ।

ट) विद्यालयको विकास, गुणस्तरीय शिक्षा र विद्यार्थीको नियमितताका लागि अभिभावक शिक्षा र तालिम कार्यक्रम वार्षिक रूपमा सञ्चालन गर्ने ।

**उद्देश्य ६:** बालबालिकामा स्वास्थ्य, सामाजिक तथा सामूहिक जीवनशैली, नैतिकता, अनुशासन, सिर्जनशीलता, नेतृत्व र सकारात्मक जीवनमूल्य विकास गरी सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने स्थानीय पाठ्यक्रम निर्माण गर्नु ।

**रणनीतिक योजनाहरू**

क) विद्यालयमा नियमित नैतिक शिक्षा, जीवनोपयोगी शिक्षा तथा स्थानीय मूल्यमा आधारित शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने ।

ख) विद्यार्थी नेतृत्व विकासका लागि बालबालिकाका प्रतिनिधि, बाल क्लब, स्काउट, रेडक्रस, विविध सह-शैक्षिक कार्यक्रमहरू सञ्चालन  गरी स्वयमसेवी भावना विकास गर्ने ।

ग) सिर्जनशीलता र नवप्रवर्तनलाई प्रोत्साहन गर्न परियोजनामूलक सिकाइ, विज्ञान प्रदर्शनी, संगीत कला-साहित्य कार्यक्रम तथा विभिन्न प्रतियोगिताहरू आयोजना गर्ने ।

घ) शिक्षक, अभिभावक र समुदायको सहकार्यमा परामर्श, मार्गदर्शन तथा प्रेरणामूलक कार्यक्रम सञ्चालन गरी विद्यार्थीलाई सामाजिक रूपान्तरणमा सक्रिय भूमिका खेल्न सक्षम बनाउने ।

ङ) विद्यार्थीको सिकाइ उपलब्धीलाई दिगो बनाईराख्न घरायसी काममा जोड दिंदै योग,ध्यान र व्यवहारसँग जोड्ने ।

च) विद्यालय परिसरमा अस्वस्थकर खाद्यसामग्री विक्री वितरणलाई पूर्णरूपमा निषेधित क्षेत्र घोषणा गर्ने ।

### २. ४.१ दीर्घकालीन शैक्षिक गुरुयोजना (DECADAL MASTER PLAN) का लागि'अल्पकालीन', 'मध्यकालीन' र 'दीर्घकालीन' योजनाहरू

**क. अल्पकालीन रणनीतिक योजना (Short-term Plan: १-२ वर्ष)**

चरण १ तथ्याङ्क सङ्कलन:

पालिकाभित्रका विद्यालय छोडेका (DROPOUT) र विद्यालय बाहिर रहेका बालबालिकाको पारिवारिक विवरणसहितको डिजिटल प्रोफाइल तयार गर्ने।

चरण २ ट्र्याकिङ प्रणाली:

विद्यार्थीको दैनिक उपस्थिति डिजिटल माध्यमबाट अनुगमन गरी लगातार अनुपस्थित हुनेको घरदैलो गर्ने संयन्त्र बनाउने।

चरण ३ लक्षित सहयोग:

सीमान्तकृत, दलित र विशेष क्षमता भएका बालबालिकाका लागि तत्काल आवश्यक पोशाक, स्टेसनरी र दिवा खाजाको शतप्रतिशत सुनिश्चितता गर्ने।

चरण ४ अभिभावक र समुदाय परिचालन:

प्रत्येक वडामा टोल विकास समिति र सामाजिक परिचालक मार्फत "अभिभावक शिक्षा तथा सचेतना अभियान" सुरु गर्ने। घर-विद्यालय समन्वयका लागि शिक्षकहरूद्वारा प्रत्येक महिना अनिवार्य गृह-भ्रमण (HOME VISIT) गर्ने नीति लागू गर्ने।

**ख. मध्यकालीन रणनीतिक योजना (Medium-term Plan: ३-५ वर्ष)**

शैक्षिक सुधार, सिकाइको गुणस्तर वृद्धि र अभिभावकको आर्थिक सबलीकरणमा केन्द्रित रहेर देहायका चरणहरू अपनाइनेछ।

चरण १ संरचनागत र पूर्वाधार सुधार:

पालिकाभित्रका १००% विद्यालयहरूलाई पूर्ण रूपमा अपाङ्गतामैत्री (Ramp, Accessible Toilets) र उपयुक्त सिकाइ सामग्री बनाउने।

चरण २ घुम्ती विद्यालय सञ्चालन

बसाइँसराइ गरिरहने (जस्तै: इँटाभट्टा, निर्माण मजदुर) बालबालिकाका लागि "मोडल वैकल्पिक सिकाइ केन्द्र" रहने ।

चरण ३ पारिवारिक आत्मनिर्भरता कार्यक्रम:

बालबालिका विद्यालय छोड्नुको मुख्य कारण गरिबी भएकाले, त्यस्ता परिवारलाई पालिकाको कृषि र उद्यमशीलता शाखासँग जोडेर आयआर्जन तथा स्वरोजगार प्याकेज उपलब्ध गराउने।

चरण ४ शैक्षिक गुणस्तर र सहयोग:

कठिन परिवेश र ढिलो सिक्ने बालबालिकाका लागि विद्यालयमा विद्यालय समय बाहेक "उपचारात्मक विशेष कक्षा" (REMEDIAL CLASSES) अनिवार्य सञ्चालन गर्न लगाउने ।

ख) मध्यकालीन चरण (वर्ष ३-५) मा समितिको भूमिका: गुणस्तर र पूर्वाधार निरीक्षण

▪ वडाभित्रका विद्यालयहरूमा निर्माण भइरहेका भौतिक संरचनाहरू अपाङ्गतामैत्री (RAMP, TOILET) भए/नभएको प्राविधिक टोलीसहित स्थलगत निरीक्षण र पास गर्ने।

▪ विपन्न र विद्यालय छोड्ने जोखिममा रहेका परिवारलाई पालिकाको कृषि, पशु वा सीपमूलक कार्यक्रममा प्राथमिकताका साथ जोडिएको सुनिश्चित गर्ने।

▪ विद्यालयहरूले सञ्चालन गर्ने उपचारात्मक विशेष कक्षा (REMEDIAL CLASSES) को प्रभावकारिता जाँच्न आकस्मिक निरीक्षण (SURPRISE VISIT) गर्ने।

▪ त्रैमासिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिको स्तर (GRADE IMPROVEMENT) को तुलनात्मक विश्लेषण गरी कार्यपालिका बैठकमा प्रतिवेदन पेस गर्ने।

ग) दीर्घकालीन चरण (वर्ष ६-१०) मा समितिको भूमिका: प्रणालीगत दिगोपन र बहु-वर्षीय समीक्षा

▪ आफ्नो वडालाई "शून्य विद्यालय ड्रपआउट वडा" (ZERO DROPOUT WARD) घोषणा गर्नका लागि आवश्यक दिगोपनको अनुगमन गर्ने।

▪ वडा स्तरमा स्थापना हुने "अभिभावक शिक्षा तथा परामर्श केन्द्र" नियमित सञ्चालन भएको र नयाँ दम्पतीहरू समेटिएको सुनिश्चित गर्ने।

**ग. दीर्घकालीन रणनीतिक योजना (Long-term Plan: ६-१० वर्ष)**

दिगोपन, प्रणालीगत स्थायित्व, पूर्ण साक्षरता र रोजगारीमुखी शिक्षाको लक्ष्य प्राप्त गर्नमा केन्द्रित रहेर देहायका चरणहरू अपनाइनेछ ।

**चरण १ शून्य ड्रपआउट र दिगो पहुँच (Zero Dropout):**

पालिकाभित्र "शून्य विद्यालय ड्रपआउट" को अवस्था हासिल गर्ने र यसलाई संस्थागत गर्ने। विशेष क्षमता भएका र सीमान्तकृत वर्गका बालबालिकाको शिक्षामा मात्र नभई विद्यालयका प्रशासनिक र नेतृत्वदायी भूमिकामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

**चरण २ संस्थागत अभिभावक शिक्षा प्रणाली:**

पालिका स्तरमा स्थायी "अभिभावक शिक्षा तथा परामर्श केन्द्र" को स्थापना गर्ने, जसले नयाँ अभिभावकहरूलाई नियमित रूपमा बालमनोविज्ञान र शिक्षाको महत्त्वबारे तालिम दिनेछ। घर र विद्यालयको सम्बन्धलाई प्रविधिमार्फत (SCHOOL-PARENT DEDICATED APP) पूर्ण रूपमा व्यवस्थित र पारदर्शी बनाउने।

**चरण ३ सीपयुक्त र आत्मनिर्भर शिक्षा (Vocational Integration):**

विद्यालय शिक्षा पूरा गर्दा प्रत्येक विद्यार्थी आत्मनिर्भर बन्न सक्ने गरी व्यावसायिक सीप (Vocational Training) र उद्यमशीलताको जग बसाल्ने, जसले गर्दा भावी पुस्तामा गरिबीकै कारण विद्यालय छोड्नुपर्ने चक्रको स्थायी अन्त्य हुनेछ।

**चरण ४ अनुगमन तथा मूल्याङ्कन समिति**

माथिल्लो तह : पालिका स्तरीय शैक्षिक निर्देशक तथा अनुगमन समिति रहने ।

तल्लो तह: वडा स्तरीय कार्यान्वयन तथा कार्यगत अनुगमन समिति रहने ।

**२.४.२ समतामूलक शैक्षिक सुधार योजना तालिका**

| क्र.सं. | क्षेत्र/सूचक | वर्तमान अवस्था र चुनौती | चुनौतीका मुख्य कारणहरू | पालिका स्तरबाट सञ्चालन हुने लक्षित कार्यक्रम | वस्तुगत मापनको सूचक र लक्ष्य (KPIs) |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी टिकाउ दर (Retention) | भर्ना दर राम्रो भए पनि कक्षा छाड्ने दर उच्च रहेको | गरिबी, मौसमी बसाइँसराइ, र चेतनाको कमी | - पालिका प्रमुख विपन्न छात्रवृत्ति कार्यक्रम<br>- दिवा खाजा कार्यक्रम विस्तार र गुणस्तर सुधार | - विद्यालय छाड्ने दर (Dropout Rate) लाई ०% मा झार्ने। |
| २ | समावेशी तथा अर्थपूर्ण सहभागिता | विशेष क्षमता, दलित र सीमान्तकृतको सहभागिता कमजोर | भौतिक संरचना अपाङ्गतामैत्री नहुनु, सामाजिक विभेद र भौगोलिक विकटता | - विद्यालयहरूमा अपाङ्गतामैत्री (Ramp/Toilets) पूर्वाधार निर्माण<br>- लक्षित वर्गका लागि विशेष सिकाइ सामग्री वितरण | - लक्षित वर्गका बालबालिकाको विद्यालय उपस्थिति दर ९५% भन्दा माथि पुर्‍याउने। |
| ३ | घर-विद्यालय समन्वय र अभिभावक शिक्षा | अभिभावक र विद्यालयबीच समन्वय नहुँदा सिकाइ वातावरण कमजोर | अभिभावक शिक्षाको अभाव, मेलापात/श्रममा बढी व्यस्तता | - वडा स्तरमा "अभिभावक सचेतना तथा शिक्षा" अभियान<br>- डिजिटल/परम्परागत माध्यमबाट नियमित विद्यालय-अभावक संवाद | - प्रत्येक त्रैमासिकमा ८०% भन्दा बढी अभिभावकको उपस्थिति सुनिश्चित गर्ने। |
| ४ | समतामूलक पहुँच र सामाजिक परिचालन | कठिन परिवेशका बालबालिका शिक्षाको मूलधार बाहिर रहने जोखिम | बालश्रम, चेतनाको अभाव र कमजोर पारिवारिक अवस्था | - टोल-टोलमा सामाजिक परिचालक परिचालन<br>- जनप्रतिनिधिको नेतृत्वमा "विद्यार्थी खोजी तथा भर्ना" निरन्तरता | - पालिकाभित्रका १००% बालबालिका अनिवार्य विद्यालय भर्ना भएको सुनिश्चित गर्ने। |
| ५ | सिकाइ उपलब्धिकाे स्तर (Learning Outcome) | पहुँच बढे पनि विद्यार्थीको वास्तविक सिकाइ स्तर कमजोर | सिकाइमा निरन्तरता नहुनु, उपचारात्मक | - कमजोर विद्यार्थीका लागि अतिरिक्त सिकाइ कक्षा सञ्चालन<br>- पालिका स्तरीय | - पालिका स्तरीय परीक्षामा न्यूनतम सिकाइ उपलब्धि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (Remedial) कक्षाको अभाव | त्रैमासिक तथा वार्षिक परीक्षा सुधार | (GPA/अङ्क) ३०% ले वृद्धि गर्ने। |

**२.५ अपेक्षित उपलब्धि तथा नतिजा**

क) विद्यार्थीहरूमा नैतिकता, अनुशासन, नेतृत्त्व क्षमता र सकारात्मक जीवनमूल्य विकास भई जिम्मेवार र सचेत नागरिक निर्माण हुने।

ख) सिर्जनशीलता, नवप्रवर्तन र समस्या समाधान क्षमताको विकास भई विद्यार्थीहरू व्यावहारिक जीवनमा सक्षम तथा आत्मविश्वासी बन्ने।

ग) स्थानीय स्रोत, साधन र अवसरको अधिकतम उपयोग गर्दै सिपमूलक तथा उत्पादनमुखी शिक्षामार्फत आत्मनिर्भर र दक्ष जनशक्ति तयार हुने।

घ) विद्यालय, परिवार र समुदायबीच सहकार्य सुदृढ भई शिक्षा सामाजिक रूपान्तरण र समग्र विकासमा प्रभावकारी योगदान पुर्‍याउने।

ङ) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

च) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ।

छ) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ।

ज) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ।

**२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य (मध्यकालीन)**

**तालिका ९**

***शैक्षिक सूचक र लक्ष्यहरू***

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ११८.२ | १२२.१ | १३० | १३६.१ | १४३.३ | १५० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ६९.८ | ७५ | ८० | ८५ | ९० | १०० |
| २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९४.२ | ९५ | ९६.३ | ९८.० | ९८.५ | १०० |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १२४.४ | ११९.७ | ११५ | ११० | १०५ | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९४.६ | ९६.६ | ९८.५ | ९९ | ९९.५ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १२२.१ | ११७.१ | ११२ | १०८ | १०४ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ९० | ९२.५ | ९५ | ९६.७ | ९८.३ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | ११५ | १११ | १०७ | १०४.७ | १०२.३ | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ८६.२ | ८९.४ | ९२.५ | ९५ | ९७.५ | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ८४.४ | ८९.९ | ९५.३ | ९६.९ | ९८.४ | १०० |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | १२.३ | ९.२ | ६ | ४ | २ | ० |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | ०.८९ | ०.९२ | ०.९५ | ०.९७ | ०.९८ | १ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९४.६ | ९६.१ | ९७.५ | ९८.३ | ९९.२ | १०० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११८.८ | ११४.४ | ११० | १०६.७ | १०३.३ | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८८.४ | ९१.७ | ९५ | ९६.७ | ९८.३ | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ८४.२ | ८८.६ | ९३ | ९५.३ | ९७.७ | १०० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | 0.90 | ०.९३ | ०.९५ | ०.९७ | ०.९८ | १ |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | ४ | ३ | २ | १ | १ | ० |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | ४८.२५ | ४८.६ | ४९ | ४९.३ | ४९.७ | ५० |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५४.६ | ५९.८ | ६५ | ६८.३ | ७१.७ | ७५ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ११३.३ | ११०.७ | १०८ | १०५.३ | १०२.७ | १०० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.०२ | १.०१ | १ | १ | १ | १ |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ७९.९ | ८५ | ९० | ९३.३ | ९६.७ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६८.५ | ७६.८ | ८५ | ९० | ९३.३ | १०० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ५२.४ | ५८.६ | ६५ | ७०.१ | ७५.३ | ८० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | १६.८१ | २३.५ | ३० | ३६.६ | ४३.५ | ५० |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ७६.०४ | ७९.१ | ८२ | ८४.७ | ८७.२ | ९० |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ८२.९ | ८४.१ | ८५ | ८७.२ | ८९.६ | ९२ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९२.४ | ९३.५ | ९५ | ९६.७ | ९८.३ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | १ | १ |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:१४ | १:१७ | १:२० | १:२२ | १:२३ | १:२५ |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:२० | १:२१ | १:२२ | १:२३ | १:२४ | १:२५ |

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:१८ | १:१९ | १:२० | १:२१ | १:२१ | १:२२ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:२५ | १:२६ | १:२७ | १:२८ | १:२९ | १:३० |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | १:३० | १:३३ | १:३५ | १:३७ | १:३९ | १:४० |

**स्रोत: स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन, २०७९ तथा IEMIS 2082**

### २.७ "नवप्रवर्तन, उद्यमशीलता र प्रविधिमैत्री जनशक्ति उत्पादन" गर्ने विशिष्ट लक्ष्यहरू

- **शतप्रतिशत प्रविधिमैत्री विद्यालय र जनशक्ति:** आगामी १० वर्षभित्र पालिकाका १००% माध्यमिक विद्यालयहरूमा 'स्मार्ट क्लासरुम' र आधुनिक सूचना प्रविधि (ICT) प्रयोगशाला स्थापना गरी सबै विद्यार्थी र शिक्षकलाई डिजिटल शिक्षण पद्धतिमा पूर्ण दक्ष बनाउने।
- **प्रयोगात्मक 'स्टेम' (STEM) शिक्षा प्रणालीको संस्थागत विकास:** सैद्धान्तिक सिकाइलाई विस्थापित गर्दै सबै विद्यालयमा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितमा आधारित 'स्टेम' (STEM) शिक्षा प्रणाली र नवप्रवर्तन प्रयोगशाला (Innovation Lab) स्थायी रूपमा सञ्चालन गर्ने।
- **सीपयुक्त र व्यावसायिक रूपमा आत्मनिर्भर विद्यार्थी:** "एक विद्यालय, एक प्राविधिक विधा" नीति मार्फत माध्यमिक शिक्षा (कक्षा १० र १२) पूरा गर्ने प्रत्येक विद्यार्थीले कम्तीमा एक बजारमुखी, उत्पादनमूलक वा प्राविधिक सीप हासिल गरेको सुनिश्चित गर्ने।
- **विद्यार्थी स्टार्टअप र वित्तीय सहयोग प्रणालीको निरन्तरता:** विद्यार्थीहरूको नवीन व्यावसायिक सोच (Business Ideas) लाई उद्यममा बदल्न पालिका स्तरमा 'विद्यार्थी उद्यमशीलता च्यालेन्ज कोष' स्थापना गरी वार्षिक कम्तीमा ५० वटा नयाँ स्टार्टअपलाई बीउ पूँजी (Seed Money) र प्राविधिक परामर्श उपलब्ध गराउने।
- **भविष्यमुखी डिजिटल उद्यमी र स्थानीय रोजगारी सिर्जना**: कोडिङ (Coding), आर्टिफिसियल इन्टेलिजेन्स (AI) र डिजिटल मार्केटिङ जस्ता उच्च प्रविधिका सीपहरू पाठ्यक्रममा समावेश गरी विद्यालय शिक्षा पूरा गरेका कम्तीमा ३०% युवाहरूलाई स्थानीय स्तरमै डिजिटल उद्यमी र प्रविधिमैत्री जनशक्तिका रूपमा स्थापित गर्ने।

### २.८ संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य (SDG 2030) र यस नगरको १० वर्षे शैक्षिक योजनालाई एकापसमा जोड्ने सूचकहरू (Indicators)

- खुद विद्यालय टिकाउ दर (SDG ४.१ सँग सम्बन्धित): बीचैमा विद्यालय छोड्ने (Dropout) विद्यार्थीको सङ्ख्यालाई शून्य प्रतिशत (०%) मा झार्ने र कक्षा १२ सम्मको पढाइ पूरा गर्ने दर शतप्रतिशत पुऱ्याउने।

- समतामूलक पहुँच सूचकांक (SDG ४.५ सँग सम्बन्धित): विशेष क्षमता भएका (अपाङ्गता), दलित, सीमान्तकृत र कठिन परिवेशका १००% बालबालिकालाई छात्रवृत्ति, दिवा खाजा र अपाङ्गतामैत्री पूर्वाधारको पहुँच सुनिश्चित गर्ने।

- प्रविधिमैत्री साक्षरता दर (SDG ४.४ सँग सम्बन्धित): माध्यमिक तह (कक्षा ९-१२) का १००% विद्यार्थी र शिक्षकहरूलाई इन्टरनेट, स्मार्ट क्लासरुम, र आधारभूत डिजिटल/कोडिङ सीपमा सक्षम बनाउने।

- व्यावसायिक सीपयुक्त जनशक्ति दर (SDG ८.६ सँग सम्बन्धित): माध्यमिक शिक्षा (कक्षा १० र १२) पूरा गर्दा प्रत्येक विद्यार्थीले कम्तीमा १ वटा बजारमुखी वा प्राविधिक सीप (जस्तै: कृषि, आईटी, सिलाई, मर्मत आदि) अनिवार्य रूपमा हासिल गरेको हुने।

- युवा उद्यमशीलता र स्टार्टअप सङ्ख्या (SDG ८.५ सँग सम्बन्धित): पालिकाको 'विद्यार्थी उद्यमशीलता कोष' मार्फत विद्यालय शिक्षा पूरा गरी स्थानीय स्तरमै आफ्नै व्यवसाय वा डिजिटल उद्यम सुरु गर्ने युवाहरूको सङ्ख्या वार्षिक कम्तीमा ५० जना पुऱ्याउने।

### २.९ चरणबद्ध रणनीतिक योजनामा थप गरिएका बुँदाहरू

**क) अल्पकालीन रणनीतिक योजना (वर्ष १–२)**

- प्रविधि पूर्वाधार: पालिकाभित्रका कम्तीमा ५०% माध्यमिक विद्यालयहरूमा उच्च गतिको इन्टरनेट र 'डिजिटल सिकाई कोठा' (Smart Classrooms) को स्थापना गर्ने।

- डिजिटल साक्षरता: सबै शिक्षक तथा प्रधानाध्यापकहरूका लागि अनिवार्य आईसीटी (ICT) तथा प्रविधिमैत्री शिक्षण सिकाई तालिम सञ्चालन गर्ने।

**ख) मध्यकालीन रणनीतिक योजना (वर्ष ३–५)**

- नवप्रवर्तन केन्द्र (Innovation Lab): विद्यालयहरूमा गणित, विज्ञान र प्रविधिलाई व्यवहारमा उतार्न 'स्टेम' (STEM: Science, Technology, Engineering, Math) शिक्षा पद्धति लागू गर्ने र अन्तर-विद्यालय नवप्रवर्तन प्रतियोगिता सञ्चालन गर्ने।

- उद्यमशीलता कोष: कक्षा ९-१२ का विद्यार्थीहरूको नवीन व्यावसायिक सोच (Business Ideas) लाई प्रोत्साहन गर्न 'पालिका विद्यार्थी स्टार्टअप कोष' स्थापना गरी बीउ पूँजी (Seed Money) उपलब्ध गराउने।

**ग) दीर्घकालीन रणनीतिक योजना (वर्ष ६–१०)**

- प्रविधिमैत्री जनशक्ति र रोजगार: १० वर्षको अन्त्यसम्ममा पालिकाबाट उत्पादित जनशक्ति विश्वव्यापी बजार र सूचना प्रविधि (IT) क्षेत्रमा बिक्न सक्ने गरी कोडिङ (Coding), एआई (AI) का आधारभूत कोर्षहरू पाठ्यक्रममा अनिवार्य गर्ने।

- उद्यमी नगरको पहिचान: शिक्षा पूरा गरेका कम्तीमा ३०% युवाहरू स्वरोजगार बन्ने वा स्थानीय कृषि, पर्यटन र उद्योगमा नवप्रवर्तन भित्र्याई नगरको आर्थिक मेरुदण्ड बन्ने प्रणालीको विकास गर्ने।

**४. डिजिटल ड्यासबोर्ड (सुशासन प्रणाली) मा थपिएको प्रविधि सूचक**

- स्मार्ट स्किल ट्र्याकर (Smart Skill Tracker): कुन-कुन विद्यालयका विद्यार्थीले कुन प्राविधिक सीप (जस्तै: कोडिङ, कृषि, वित्तीय साक्षरता आदि) सिकिरहेका छन् र पालिकाको च्यालेन्ज फण्डबाट कतिले स्टार्टअप सुरु गरे भन्ने कुरा डिजिटल ड्यासबोर्डमा प्रत्यक्ष (Live Chart) मार्फत हेर्न सकिनेछ।

## परिच्छेद ३
## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

प्रारम्भिक बालविकास र शिक्षा भन्नाले बालबालिकाको जन्मदेखि करिब ८ वर्षसम्मको शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा भाषिक विकाससँग सम्बन्धित शिक्षा र हेरचाहलाई बुझिन्छ। यसले बालबालिकामा राम्रो बानी, सिर्जनशीलता, अनुशासन, सामाजिक व्यवहार तथा सिकाइप्रति रुचि विकास गरी विद्यालय शिक्षाको बलियो आधार तयार गर्न सहयोग गर्दछ। (प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८)

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन, २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अभिन्न अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित, गुणस्तरीय र समय सापेक्ष बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

वर्तमान समयमा सुन्दरहरैँचा नगरपालिकामा सामुदायिक, संस्थागत (कम्पनी र गुठी) र धार्मिक अन्तर्गतका विद्यालयहरू सञ्चालनमा रहेका छन्। तीमध्ये सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत बालबालिकाको विवरण तल उल्लेख गरिएको छ।

**तालिका १०**

*ECD को सङ्ख्या र विद्यार्थी सङ्ख्या*

| क्र.स. | बालबिकासको विवरण | सामूदायिक विद्यालय | | | | संस्थागत विद्यालय (कम्पनी र गुठी) | | | | धार्मिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ECD सङ्ख्या | छात्र | छात्रा | जम्मा | ECD सङ्ख्या | छात्र | छात्रा | जम्मा | ECD सङ्ख्या | छात्र | छात्रा | जम्मा |
| १. | ECD | ७७ | ७९१ | ७४२ | १५३३ | ५७ | १०३६ | ८३४ | १८७० | ० | ४० | ४१ | ८१ |

स्रोत : IEMS 2082

सुन्दरहरैँचा नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्र १३४ वटा सञ्चालनमा रहेका छन्,
जसमा सामुदायिकतर्फ ७७ र संस्थागत विद्यालयतर्फ ५७ केन्द्र रहेका छन्। यी केन्द्रहरूमा कुल ४५१० जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये २४८५ जना छात्र र २०२५ जना छात्रा रहेका छन्।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको सङ्ख्या रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ४५.१२ प्रतिशत रहेको छ।अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको सङ्ख्या ५८३ (१२.९२ प्रतिशत), जनजाति बालबालिकाको सङ्ख्या १९४९ (४३.१९प्रतिशत) र अपाङ्गता भएका बालबालिकाको सङ्ख्या ६६ रहेको छ। यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसङ्ख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

समग्रमा हेर्दा सुन्दरहरैँचा नगरपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**तालिका ११**

प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ७७ | ७९१ | ७४२ | १५३३ | १३३ | १६३ | २९६ | २९ | २४ | ५३ |
| संस्थागत | ५७ | २१५६ | १६७७ | ३८३३ | १२० | १६७ | २८७ | १० | ३ | १३ |
| जम्मा | १३४ | २९४७ | २४१९ | ५३६६ | २४३ | ३३० | ५८३ | ३९ | २७ | ६६ |

**रूजु गर्नु पर्ने**

सुन्दरहरैँचा नगरपालिकाले प्रारम्भिक बाल विकास शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। यस नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ। हाल सुन्दरहरैँचा नगरपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य-दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

### ३.१.३ प्रारम्भिक बालविकासका उद्देश्यहरू (सक्षमताहरू):

क) भाषिक तथा सञ्चार सिप र सिर्जनात्मक सोचको विकास गरी सामाजिक व्यवहारमा सहभागी गराउने।

ख) बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापहरूमा संलग्न गराउने।

ग) सबै बालबालिकालाई वैयक्तिक सरसफाइ र सुरक्षाका उपायहरू अवलम्बन गराउँदै बालमैत्री वातावरणमा पोषणयुक्त खाना र स्वस्थकर बानी विकासमा सहभागी गराउने ।

घ) समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

### ३.१.४ रणनीतिहरू

सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने र अति विपन्न, दलित, सीमान्तकृत र विशेष क्षमता भएका बालबालिकाहरूको पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन गर्ने

क) बालबालिकामा भाषिक तथा सञ्चार सीप र सिर्जनात्मक सोचको विकास गर्न खेल, गीत, कथा, नाटक तथा समूहगत गतिविधिहरू सञ्चालन गरी उनीहरूलाई सामाजिक व्यवहारमा सक्रिय रूपमा सहभागी गराउने ।

ख) बालबालकाको शारीरिक, मानसिक, सामाजिक, भावनात्मक र संज्ञानात्मक विकासलाई लक्षित गर्दै विविध सिकाइ तथा क्रियाकलापहरूमा निरन्तर संलग्न गराउने ।

ग) सबै बालबालिकालाई व्यक्तिगत सरसफाइ, सुरक्षा तथा स्वस्थ जीवनशैलीका उपायहरू अवलम्बन गराउँदै बालमैत्री वातावरणमा पोषणयुक्त खाना र स्वस्थ बानी विकासमा अभिप्रेरित गर्ने ।

घ) समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा सुनिश्चित गर्न सबै बालबालिकालाई समान अवसर प्रदान गर्ने वातावरण निर्माण गरी प्रभावकारी सिकाइ प्रक्रिया सञ्चालन गर्ने ।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकताअनुसार नयाँ बालविकास केन्द्रमा समायोजन गर्ने ।

च) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकुल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने ।

छ) लागत सहभागिता अभिवृद्धि गर्ने ।

ज) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।

झ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने ।

ञ) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्नेगरी सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकारसम्पन्न संयन्त्र निर्माण गर्ने ।

ट) अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्नेगरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

क) **अपेक्षित उपलब्धिः** सुन्दरहरैँचा नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ । यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई निशुल्क तथा अभिभावकको लागत सहभागितामा समेत नर्सरी र केजीसम्म कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ । साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई

दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ ।

### ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

**तालिका १२**

शैक्षिक क्रियाकलापहरू र लक्ष्य

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | प्रारम्भिक बालविकासका सहजकर्ताहरूको पारिश्रमिक | हजारमा | २०२७६ | २०२७६ | २२३०३ | २२३०३ | २६४०३ | |
| २ | प्रारम्भिक बालविकासमा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | रुपैयाँमा | ८०७ | ८०७ | ९०७ | १००७ | ११०७ | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | २ | २ | २ | २ | ३ | |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | ० | ० | ० | ० | ० | |
| ५ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्रसँगको सहकार्य | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ७ | बालविकस केन्द्रका सहजकर्ताका लागि क्षमताविकास कार्यक्रम सञ्चालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ८ | कृषि, स्वस्थ्य र महिला तथा बालबालिका शाखासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ९ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| १० | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ११ | पाठ्यक्रम प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| १२ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | | | | | | | |
| १३ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १४ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | २ | २ | ३ | ३ | |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | |
| १८ | प्रारम्भिक बालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धि गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १९ | नमूना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | |
| २० | ५ वर्ष मुनिका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी केन्द्रहरूको आवश्यकताको पहिचान | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| २१ | राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार प्रत्येक केन्द्रमा पोषण, खेल मैदान, सयन कक्ष, श्रव्य–दृश्य सामग्री र बालमैत्री वातावरण निर्माण। | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| २२ | बाल मनोविज्ञान, शारीरिक र सामाजिक विकासमा दक्ष, तालिमप्राप्त शिक्षक तथा सुसारेहरूको व्यवस्था | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| २३ | नियमित स्वास्थ्य जाँच, पोषण मूल्याङ्कन र आवश्यक स्वास्थ्य सेवाको उपलब्धता | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| २४ | उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र सुसारेहरूलाई मूल्याङ्कनका आधारमा पुरस्कृत | पटक | १ | १ | १ | १ | १ | |
| २५ | बालविकासका सहजकर्ता र आयाको तालिम | पटक | १ | १ | १ | १ | १ | |
| २६ | बालविकास कक्षाका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १० | १० | १० | १० | १० | |
| २७ | प्रारम्भिक बालविकास कक्षाको स्तरोन्नति, विकास, व्यवस्थापन र सामग्रीको लागि विद्यालयलाई अनुदान | हजारमा | २०० | २०० | २२५ | २५० | ३०० | |

### ३.२ आधारभतू शिक्षा

**“आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई जनाउँदछ।**

### ३.२.१ परिचय

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ मा व्यवस्था भएअनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने हक हुनेछ। यसले राज्यलाई सबै बालबालिकाका लागि समावेशी शिक्षा र विशेष शिक्षाका माध्यमबाट गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीतिले आधारभूत तहको शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सिपमुखी शिक्षामा जोड दिएको छ। उक्त नीतिअनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी अभिभावकको तोकेको छ, भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत-साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

सुन्दरहरैँचा नगरपालिकामा रहेका सबै बालबालिकाहरूले माथि उल्लेखित ऐन नियममा व्यवस्था भएनुसार अनिवार्य र नि:शुल्क शिक्षाको अवसरबाट सबै बालबालिकाहरू लाभान्वित हुन नसकेको देखिन्छ। यस पालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी सङ्ख्या २३८३, शिक्षक दरबन्दी २७५ र शिक्षक-विद्यार्थी अनुपात ८:६६ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित १२६१, जनजाति ३२४३ र अपाङ्गता भएका बालबालिका २८ रहेका छन्।

**तालिका १३**

**आधारभूतमा छात्र छात्राको सङ्ख्या**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २३ | ११३८ | १२४५ | २३८३ | ५६४ | ६४४ | १२६० | ३४ | २८ | ६२ |
| संस्थागत | २१ | ४०१९ | ३३१४ | ७३३३ | ४६६ | ३८७ | ८५३ | १७ | ९ | २६ |
| जम्मा | ४४ | ५१५७ | ४५५९ | ९७१६ | १०३० | १०३१ | २११३ | ५१ | ३७ | ८८ |

सुन्दरहरैँचा नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ । यस नगरपालिकामा केही बालबालिकाहरू अझैपनि विद्यालय बाहिर रहेका छन् । यहाँका सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, लैङ्गिकमैत्री शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ । विषयगत शिक्षक र विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि पर्याप्त मात्रमा मानव संशाधनको कमी रहेको पाइन्छ। परम्परागत शिक्षण पद्धति तथा सीमित मानव तथा भौतिक स्रोत साधन, अव्यवस्थित मूल्याङ्कन प्रणाली र आधुनिक शैक्षिक सामग्रीको अपर्याप्तताका कारणले शैक्षिक गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३ आधारभतू शिक्षा उद्देश्यहरु

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि समावेशी, **समतामूलक, अनिवार्य तथा पहुँचयोग्य** बनाउने।

ख) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने।

ग) विद्यार्थीको मूल्याङ्कन पद्धतिलाई तोकिएको सक्षमता र निरन्तर सिकाइ अवधारणाअनुकुल परियोजना र प्रयोगात्मक क्रियाकलापसँग जोड्ने।

घ) कक्षाकोठाको सिकाइ उपलब्धिलाई दैनिक जीवनका व्यावहारिक र व्यावसायिक समस्याहरू समाधानतर्फ उन्मुख गराउने।

ङ) स्वास्थ्य, सरसफाइ र पोषणसम्बन्धी सचेतनाको विकास गर्दै वातावरणीय सन्तुलन, जलवायु परिवर्तन र विपद् व्यवस्थापनप्रति सचेत नागरिक तयार गर्नु।

च) खेलकुद, मनोरञ्जन र सिर्जनात्मक कलाका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण तथा मानवीय गुणको विकास गरी श्रमप्रति सम्मान र सकारात्मक सोच भएका उद्यमशील नागरिक तयार गर्नु ।

### ३.२.४ आधारभत शिक्षा रणनीतिहरू

क) सुरक्षित विद्यालय क्षेत्र (Safe School Zones): विद्यालयलाई मदिरा, सुर्तीजन्य पदार्थ र राजनीतिक हस्तक्षेपमुक्त क्षेत्र घोषणा गरी नियमित अनुगमन गर्ने ।

ख) शिक्षण सिकाइलाई आकर्षक र आधुनिक बनाउन विद्यालयहरूमा क्रमशः इन्टरनेट, स्मार्ट बोर्ड, र शिक्षण-अनुकूल प्रविधिहरूको विस्तार गर्ने ।

ग) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न परियोजना कार्यको डिजाइन कसरी गर्ने, प्रयोगात्मक कार्यको मूल्याङ्कन कसरी गर्ने र रुब्रिक्स कसरी बनाउने लगायतका समग्र स्तरोन्नतिका विषयमा स्थानीय तहले शिक्षकहरूका लागि नियमित कार्यशाला तथा सघन तालिमहरू सञ्चालन गर्ने ।

घ) सबै विद्यालयलाई आफ्ना प्रत्येक विद्यार्थीले वर्षभरि गरेका उत्कृष्ट परियोजना कार्य, चित्रकला, प्रतिवेदन वा प्रयोगात्मक कार्यका नमूनाहरू सुरक्षित राख्न एक 'लर्निङ पोर्टफोलियो' फाइल बनाउन प्रोत्साहन गर्ने । यसले विद्यार्थीको क्रमिक विकास (Progress) लाई स्पष्ट देखाउँछ ।

ङ) विद्यार्थीहरूलाई समुदायका वास्तविक समस्याहरू (जस्तै: स्थानीय फोहोरमैला व्यवस्थापन, खानेपानीको अवस्था, स्थानीय इतिहासको खोजी) मा आधारित परियोजना कार्य दिएर उनीहरूको ज्ञानलाई समाजसँग जोड्ने र त्यसलाई आन्तरिक मूल्याङ्कनको एक आधार बनाउने ।

च) स्थानीय विशेषता (कृषि, पर्यटन, कला, संस्कृति, व्यापार, सामाजिक र राजनीतिक) मा आधारित स्थानीय पाठ्यक्रम विकास गरी कक्षाकोठाको सिकाइलाई स्थानीय परिवेशसँग जोड्दै लगिनेछ ।

छ) स्थानीय तहमा रहेका सबै बालबालिका (विशेष गरी सीमान्तकृत, अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न) को पहिचान गरी शत प्रतिशत भर्ना सुनिश्चित गर्न 'विद्यार्थी ट्र्याकिङ प्रणाली' लागू गरिनेछ ।

ज) विशेष क्षमता भएका बालबालिकाका लागि आवास सहितको विशेष कक्षा, ब्रेल लिपि र साङ्केतिक भाषाको व्यवस्था गर्ने तथा प्रारम्भिक कक्षामा स्थानीय/मातृभाषामा शिक्षणलाई प्रोत्साहन गर्ने ।

झ) विद्यालय परिसरमा वृक्षरोपण, कौसी खेती तथा साना बगैँचाहरू निर्माण गरी विद्यार्थीलाई प्रत्यक्ष रूपमा वातावरणीय सन्तुलन र जलवायु परिवर्तनको असर र प्रभावबारे जानकारी गराउन सचेतनामूलक कार्यक्रमहरू आयोजना गर्ने ।

ञ) विद्यार्थीहरूलाई करेसाबारी, हस्तकला वा साना प्राविधिक कामहरूमा संलग्न गराई 'श्रमको सम्मान' गर्ने संस्कृतिको विकास गर्ने तथा यस्ता कार्यहरूलाई आन्तरिक मूल्याङ्कनको एउटा सूचकका रुपमा अङ्गीकार गर्ने ।

ट) खेलकुद, संगीत, नृत्य, चित्रकला र वक्तृत्वकला जस्ता सिर्जनात्मक विधाहरूलाई विद्यालयको वार्षिक क्यालेन्डरमा समाविष्ट गर्न लगाई नियमित रूपमा प्रतियोगिताहरू सञ्चालन गर्ने ।

ठ) बाल बचत कार्यक्रम, वित्तीय साक्षरता (Financial Literacy) र 'व्यावसायिक सोच' प्रतियोगिताहरूमार्फत बालबालिकामा सानै उमेरदेखि सकारात्मक सोच र उद्यमशीलताको जग बसाल्ने ।

ड) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने ।

ढ) शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने ।

ण) विद्यालयमा बाल क्लव, स्काउट वा रेडक्रस जस्ता समूहहरू गठन गरी उनीहरूलाई सिर्जनात्मक र नेतृत्वदायी कार्यमा लगाउने ।

त) अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापहरूको विकास गर्ने ।

थ) विद्यालय तथा शिक्षा प्रशासनको व्यवस्थापकीय तथा सेवा प्रवाह पद्धतिमा समयानुकूल परिवर्तन गरी प्रविधिमैत्री सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

द) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने ।

ध) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।

न) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रमहरू सञ्चालन गरी स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्ध गर्ने ।

प) विद्यार्थीहरूलाई शैक्षिक, मनोसामाजिक, लैङ्गिक र लागूपदार्थ दुर्व्यसनी जस्ता क्षेत्रमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।

फ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग र शैक्षिक अनुसन्धानमा थप विस्तार गरी शिक्षण सिकाइलाई आधुनिक, सहज र प्रभावकारी बनाउने ।

ब) मन्टेश्वरी/बालमैत्री शिक्षण पद्धतिको स्थानीयकरण, ईसीडी शिक्षकहरूको न्यूनतम पारिश्रमिक र योग्यता निर्धारण तथा प्रत्येक वडामा कम्तीमा एउटा "नमूना बालविकास केन्द्र" को बनाउन पूर्वाधार विकास गरि सञ्चालन गरिने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि र नतिजा

क) सुन्दरहरैँचा नगरपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि समावेशी, समतामूलक, निःशुल्क, अनिवार्य र पहुँचयोग्य हुनेछ ।

ख) 'एक घर, एक विद्यालय भर्ना' अभियान र विद्यार्थी पन्जीकरण प्रणालीबाट सबै वर्ग र तहका बालबालिकाको विद्यालयमा सहभागिता सुनिश्चित हुनेछ ।

ग) लक्षित छात्रवृत्ति तथा प्रोत्साहन प्याकेजको माध्यमबाट शिक्षामा अभिभावकले गर्नुपर्ने अप्रत्यक्ष खर्च शून्य हुनेछ ।

घ) अपाङ्गता-मैत्री पूर्वाधार र मातृभाषामा शिक्षाको व्यवस्था भई सबै बालबालिकाले सिक्ने समान अवसर पाउनेछन् ।

ङ) घरायसी सचेतना र कानुनी सहजीकरणका माध्यमबाट विद्यालय बाहिर रहेका बालबालिका भर्ना भई आधारभूत तहको खुद भर्नादर उच्च हुनेछ ।

च) आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, भयमुक्त र सुरक्षित हुनेछ ।

छ) 'लर्निङ पोर्टफोलियो' व्यवस्थापनमार्फत विद्यार्थीको आन्तरिक मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन हुनेछ ।

ज) स्व-मूल्याङ्कन र सहपाठी मूल्याङ्कन पद्धतिको विकास भई विद्यार्थीको सिकाइमा स्थायित्व र सुधार आउनेछ ।

झ) शिक्षकहरूको निरन्तर क्षमता विकास र अभिमुखीकरण कार्यक्रमबाट कक्षाकोठाको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि हुनेछ ।

ञ) विद्यालय स्वास्थ्य, सरसफाइ र पोषण कार्यक्रममार्फत विद्यार्थीहरूमा स्वस्थ जीवनशैली र सकारात्मक सोचको विकास हुनेछ ।

ट) 'हरित विद्यालय अभियान' र स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट 'गरेर सिक्ने' व्यावहारिक प्रणाली सुदृढ हुनेछ ।

ठ) स्थानीय उद्यमीहरूसँगको साक्षात्कार र व्यावहारिक क्रियाकलापबाट विद्यार्थीहरूमा श्रमप्रति सम्मान र उद्यमशीलताको विकास हुनेछ ।

नतिजाका रूपमा सबै विद्यालयहरूले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि शत प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ ।

ख) **प्रमुख क्रियाकलाप र लक्ष्य**:

**तालिका १४**

**पाँच वर्षे शैक्षिक क्रियाकलाप र लक्ष्य**

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत, अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | हजारमा | १६८१०० | १६८१०० | १८४९१० | १८४९१० | २०३४०१ | |
| २ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन,आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान | हजारमा | १२८५ | १४१३ | १५५१ | १७०६ | १८७६ | |
| ३ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्वस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि) | हजारमा | ३४२६ | ३४२६ | ३७६८ | ३७६८ | ४१४४ | |
| ४ | कक्षा १-८ मा अध्ययनरत विद्यार्थीहरूलाई पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | हजारमा | ७६४८ | ८४१२ | ९२५३ | १०१७८ | १११९५ | |
| ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन | हजारमा | २६६४ | २९३० | ३२२३ | ३५४५ | ३८९९ | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | प्रकाशन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान,विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | | | | | | | |
| ६ | विपन्न लक्षित छात्रवृत्ति | हजारमा | ५५२ | ६०० | ६४० | ६८० | ७०० | |
| ७ | दिवा खाजा | हजारमा | २२८२६ | २३९६७ | २५१६५ | २६४२६ | २७७४७ | |
| ८ | समुदायको सहभागितामा घरदैलो भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| ९ | सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि सूचक विकास र असल अभ्यास विस्तार गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि सूचक विकास गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | स्थानीय बाल अधिकार समिति गठन र सक्रिय बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | |
| १५ | कक्षागत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | |
| १६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | |
| १७ | आधारभूत तहका शिक्षकको पेसागत क्षमता विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | आधारभूत विद्यालयमा सूचना प्रविधिको विस्तार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| २१ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| २२ | दलित, छात्रा, सिमान्तीकृत तथा अपाङ्ग विद्यार्थीको लागि छात्रवृत्ति | हजारमा | २२१३ | २४३४ | २६७७ | २९४४ | ३२३८ | |

### ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्त्व राज्यको हुने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपयुक्त जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यावसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा ९-१२ मा प्राविधिक तथा व्यावसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षाले ज्ञान, सिप र संस्कार सहितको मानव संशाधन तयार गर्ने तथा उच्च शिक्षाको लागि आधार तयार पार्ने पनि हो । नेपालको वर्तमान शिक्षा प्रणालीमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.सं. २०७७ वाट प्रारम्भ भएको हो । विज्ञान-प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ **वर्तमान अवस्था**

सुन्दरहरैंचा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा हाल विद्यार्थी सङ्ख्या २१९८, शिक्षक दरबन्दी ७४ प्राविधिकसहित र शिक्षक-विद्यार्थी अनुपात २९.७९ रहेको देखिन्छ । विद्यार्थीमध्ये दलित ४८६, जनजाति २१९८ र अपाङ्गता भएका बालबालिका १९ रहेका छन् ।

संस्थागत विद्यालयहरूमा हाल माध्यमिक तहमा कूल विद्यार्थी सङ्ख्या १६२५ रहेका छन्, जसमध्ये दलित १५६, जनजाति १०५७ र अपाङ्गता भएका बालबालिका ८ रहेका छन् ।

**तालिका १५**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ११ | १२८४ | १४०४ | २६२८ | २०७ | २७९ | ४८६ | ८ | ११ | १९ |
| संस्थागत | २७ | ९१७ | ७०३ | १६२० | ८७ | ६९ | १५६ | ४ | ४ | ८ |
| जम्मा | ३८ | २२०१ | २१०७ | ४२४८ | २९४ | ३४८ | ६४२ | १२ | १६ | २८ |

नेपालको सङ्घीय संरचना र शिक्षा नीतिअनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मानिएको अवस्थामा सुन्दरहरैँचा नगरपालिकाले पनि माध्यमिक तहको शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। यस नगरपालिकाको साक्षरता दर उच्च भए तापनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधार र विस्तारमा थप कार्ययोजनाका साथ काम गर्नुपर्ने देखिको छ। विषयगत तथा तहगत शिक्षक, विज्ञान, कम्प्युटर लगायत अन्य प्रयोगशालाहरू, पुस्तकालय, बुक कर्नर, इन्टरनेट, खेलमैदान तथा बालमैत्री भवन र कक्षाकोठाहरूको अभाव रहेको अवस्था छ।

**३.३.३ माध्यमिक शिक्षा उद्देश्य**

क) माध्यमिक शिक्षामा सबैको समान पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ,

ख) माध्यमिक शिक्षालाई सीप, प्रविधि र उद्यमसँग जोडी सन्दर्भ सुहाउँदो नवप्रवर्तनशील, दक्ष र उत्पादनशील जनशक्ति तयार गर्नु ,

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने

**३.३.४ माध्यमिक शिक्षा रणनीतिहरू**

क) माध्यमिक तहमा सबैको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको समायोजन तथा सुविधासम्पन्न वृहत विद्यालयहरू स्थापना गर्ने

ख) माध्यमिक तहको खुद भर्नादर र टिकाउदर बढाउने

ग) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

घ) विद्यार्थी प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने

ङ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

च) माध्यमिक तहमा दक्ष विषय शिक्षकहरूको व्यवस्थापन गर्दै लैजाने

छ) शिक्षक पेसागत विकास तथा सहयोग र उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने

ज) सबै माध्यमिक विद्यालयहरूमा आवश्यकताअनुसार पूर्वाधार तथा प्रविधिमैत्री शैक्षिक वातावरणको विस्तार गर्ने,

झ) विद्यालयहरूमा विपद पूर्वतयारी तथा प्रतिरक्षात्मक क्षमता अभिवृद्धि गर्न तालिमहरू सञ्चालन गर्ने,

ञ) व्यावसायिक, कृषि, सङ्गीत, आयुर्वेद जस्ता विशिष्टीकृत क्षेत्रका लागि विद्यालयहरूमा कक्षा सञ्चालनको सम्भाव्यता अध्ययन गरी आवश्यकतानुसार व्यवस्था गर्दैजाने,

ट) यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, मनोसामाजिक परामर्श, लागूपदार्थ दुर्व्यसनी तथा विभिन्न सामाजिक अपराध न्यूनीकरणका लागि कार्यक्रमहरू सञ्चालन गर्ने,

ठ) विद्यालयहरूलाई पूर्ण रूपमा राजनीतिमुक्त बनाई शान्ति क्षेत्र (Peace Zone) का रूपमा विकास गर्ने,

ड) विभिन्न पेसा-व्यवसायमा सफल व्यक्तिहरू र विद्यार्थीहरूका बीचमा अन्तरक्रियात्मक कार्यक्रमहरू आयोजना गर्ने,

ढ) योग्यताप्राप्त तहगत प्रधानाध्यापकहरूको व्यवस्था गर्ने,

ण) आवधिक रूपमा सिकाइ उपलब्धीको मूल्याङ्कन र विश्लेषण गरी शिक्षकहरूलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणालीको विकास गर्ने

त) निदानात्मक परिक्षण र उपचारात्मक शिक्षणमा जोड दिने

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि र नतिजा

माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले नि:शुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि हुनेछ।

नतिजाका रूपमा सबै माध्यमिक विद्यालयहरूले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

#### ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

**तालिका १६**

माध्यमिक तहका क्रियाकलाप र लक्ष्य (मध्यावधिक)

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | हजारमा | ५११०० | ५६२१० | ६१८३१ | ६८०१४ | ७४८१५ | |
| २ | प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | हजारमा | २७९० | २७९० | २९२९ | ३००० | ३२०० | |
| ३ | (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | हजारमा | १६६० | १७४३ | १८३० | १९३५ | २१३१ | |
| ४ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा (९- | हजारमा | १००० | ११०० | १२१० | १३३१ | १५७३ | |

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| | १२)माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकाशन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | | | | | | | |
| ५ | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान | हजारमा | २०० | २५० | ३०० | ३५० | ४०० | |
| ६ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | हजारमा | ६०० | ६०० | ६०० | ६०० | ६०० | |
| ७ | विद्यालय नक्साङ्कन गरी प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म पूर्ण माध्यमिक ढाँचामा रूपान्तरण गर्ने | वटा | १ | १ | २ | २ | २ | |
| ८ | विपन्न र लक्षित छात्रवृत्ति | हजारमा | ५७० | ५७० | ६०० | ६५० | ७०० | |
| ९ | स्मार्ट बोर्ड, इन्टरनेट र श्रव्य दृश्य सामग्री प्रयोग विस्तार गर्ने | हजारमा | २००० | २५०० | ३००० | ३५०० | ४००० | |
| १० | किशोर किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| ११ | सदाचार, अनुशासन, करुणा र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागु गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | सफल व्यक्तिहरूसँग अन्तरक्रिया र प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | थप विद्यालयहरूमा विज्ञान सङ्काय विस्तारका लागि अध्ययन र लगानी गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | विद्यालयमा न्यूनतम सिकाइ वातावरण र समावेशी पूर्वाधार सुनिश्चित गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | शिक्षक दरबन्दी व्यवस्थापन, पेसागत विकास र अभिप्रेरणा कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | सिकाइ उपलब्धि मापन र आवधिक मूल्याङ्कन प्रणाली लागु गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट र महामारीजस्ता अवस्थाप्रति उत्थानशील बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | विद्यार्थीलाई पोषण, स्वास्थ्य र मनोसामाजिक सहयोग उपलब्ध गराउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | वैकल्पिक र अनौपचारिक शिक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २१ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| २२ | विज्ञान प्रदर्शनी कार्यक्रम | हजारमा | २८०० | ३००० | ३२०० | ३५०० | ३७०० | |
| २३ | सङ्गीत तथा नृत्य प्रतियोगिता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २४ | वादविवाद, हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगिता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २५ | निबन्ध र कविता लेखन प्रतियोगिता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६ | विद्यार्थीहरूका लागि Robotics boot camp तथा प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | |
| २७ | विषयगत प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन | निरन्तर | आ. वि. सबै | आ. वि. सबै | आ. वि. सबै | आ. वि. सबै | मा. वि. | |
| २८ | STEAM Education सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | नमुना |

सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी र नेपाली दुवै माध्यमबाट शिक्षण गर्ने स्पष्ट नीतिलाई समेट्दा राम्रो हुन्छ । ?

### ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (TVET) लाई व्यवस्थित, गुणस्तरीय र सुलभ बनाउन विभिन्न संवैधानिक तथा कानुनी व्यवस्थाहरू गरिएको छ । मुलुक संघीयतामा गएसँगै यसको कानुनी दायरा स्थानीय, प्रदेश र संघ गरी तीनै तहमा विस्तार भएको छ ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा संविधानको धारा ३१ को उपधारा (२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ, जसमा प्राविधिक शिक्षाको पहुँचलाई पनि जोड दिइएको छ ।

- **धारा ४० (दलितको हक):** दलित समुदायका नागरिकलाई प्राविधिक र व्यावसायिक उच्च शिक्षामा कानुन बमोजिम विशेष व्यवस्था (छात्रवृत्ति तथा आरक्षण) को ग्यारेन्टी गरिएको छ ।
- **राज्यका नीतिहरू (धारा ५१):** राज्यको विकास सम्बन्धी नीति अन्तर्गत जनशक्तिको क्षमता विकासका लागि "वैज्ञानिक, प्राविधिक, व्यावसायिक, व्यावहारिक, रोजगारमूलक र जनमुखी शिक्षा" मा जोड दिने नीति लिइएको छ ।

- **अधिकारको बाँडफाँड:** संविधानको अनुसूचीहरू अनुसार प्राविधिक शिक्षा र व्यावसायिक तालिम संघ, प्रदेश र स्थानीय तहको **साझा अधिकार सूची (अनुसूची ९)** भित्र पर्दछ।
  - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् एन २०४५ **:** नेपालमा प्राविधिक शिक्षा सञ्चालन, सम्बन्धन, पाठ्यक्रम निर्धारण, तथा सीप प्रमाणीकरणका लागि यो सबैभन्दा मुख्य ऐन हो। यसै ऐन अन्तर्गत स्वायत्त निकायको रूपमा सिटीइभीटी (CTEVT) को स्थापना भएको हो । यस नियमावलीले प्राविधिक शिक्षालयहरूको स्थापना, सञ्चालन, परीक्षा प्रणाली, सीप परीक्षण र प्रमाणीकरण सम्बन्धी विस्तृत कार्यविधि तय गरेको छ।
- **शिक्षा ऐन, २०२८ (संशोधन सहित):** यस ऐनले विद्यालय तह (कक्षा ९-१२) मा प्राविधिक तथा व्यावसायिक धार (Technical Stream) सञ्चालन गर्ने कानुनी बाटो खोलेको छ।
- **राष्ट्रिय शिक्षा नीति, २०७६** अनुसार "सबैका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा" को नारा सहित हरेक स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक शिक्षालय पुऱ्याउने र कुल माध्यमिक शिक्षामा प्राविधिक धारको हिस्सा बढाउने लक्ष्य राखेको छ।
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** बमोजिम स्थानीय आवश्यकता अनुसार छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन र व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई छ।
- नेपालको कानुनी व्यवस्थाले प्राविधिक शिक्षालाई रोजगारी र स्वरोजगारीको मुख्य आधार मानेको छ । हाल पुराना ऐनहरूलाई संघीय ढाँचा अनुरूप परिमार्जन गरी एकीकृत 'प्राविधिक तथा व्यावसायिक शिक्षा ऐन' तर्जुमा गर्ने कार्यहरू समेत अघि बढिरहेका छन्। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ।

### ३.४.१ वर्तमान अवस्था

- यस नगरपालिकाको शैक्षिक क्रियाकलाप र गतिविध निहाल्दा सामुदायिक विद्यालय तर्फ एक मात्र कक्षा ९-१२ मा प्राविधिक धार सिभिल इन्जिनियको पठनपाठ नेपाल सरकारको मातहतमा रहने गरी श्री सुकुना माध्यमिक विद्यालयमा सुरुवात गरिएको छ। अर्को सामुदायिक विद्यालयले सिटीइभीटी (CTEVT) को मातहतमा रहेर ३ वर्षे डिप्लोमा इन सिभिल इन्जिनियको पठनपाठ श्री साजिलाल माध्यमिक विद्यालयमा सुरुवात गरिएको छ। यस नगर भित्रका ९६ विद्यालयहरू मध्ये २ विद्यालयमा मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन रहेको छ। यसले "वैज्ञानिक, प्राविधिक, व्यावसायिक, व्यावहारिक, रोजगारमूलक र जनमुखी शिक्षा" प्रदान गर्न अप्रयाप्त रहेको देखिन्छ। यस नगरका बालबालिकाहरूलाई व्यवस्थित, गुणस्तरीय, सुलभ तरिकाले शिक्षा ऐन, २०२८ (संशोधन सहित), राष्ट्रिय शिक्षा नीति २०७६, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली २०५१ अनुसार हरेक वडामा एक एक वटा सिटीइभीटी (CTEVT) वा नेपाल सरकारको स्विकृतिमा प्राविधिक तथा व्यावसायिक शिक्षा पठनपाठन गर्ने तथा तालिम दिने शिक्षालयहरू स्थापनाका लागि स्वीकृति प्रदान गरी आत्मानिर्भर जनशक्ति विकास गर्न सक्नु परेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि पूर्वाधार भएका विद्यालय र शिक्षालएका लागि

वडाकार्यालयका सभाहलमा सञ्चालनको सम्भावना रहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा सामाजिक रूपान्तरणको अधार बन्न सकेके छैन र यसको ओजिटीका लागि पूर्वधार पनि रहेके छैन । अभिभावकले स्थानिय स्तरमा लागत सहभागिता व्यहोरेर समेत प्राविधिक तथा व्यावसायिक शिक्षाबाट जीविको पार्जनको आधार तयार गर्न सकिरहेका छैनन् ।

### ३.४.२ प्राविधिक तथा व्यावसायिक शिक्षा उद्देश्यहरू

क) प्राविधिक शिक्षाको भौगोलिक पहुँच विस्तार तथा नयाँ विषयका शिक्षालयहरू स्थापना गर्नु ।

ख) पाठ्यक्रम विविधीकरण, गुणस्तर अभिवृद्धि र साझेदारीमा प्राविधिक शिक्षाको गुणात्मक विकास गर्नु ।

ग) स्वरोजगारी, सीप प्रमाणीकरण र आत्मनिर्भर जनशक्ति निर्माणका कार्यक्रम अवलम्बन गर्नु ।

### ३.४.३ प्राविधिक तथा व्यावसायिक शिक्षा रणनीतिहरू

- नगर भित्रका वालवालिकाहरूलाई सुलभ र व्यवस्थित रूपमा प्राविधिक शिक्षा प्रदान गर्न प्रचलित कानुन (शिक्षा ऐन, २०२८ र राष्ट्रिय शिक्षा नीति, २०७६) को भावनाअनुरूप आगामी आवधिक योजना भित्र प्रत्येक वडामा कम्तीमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (TVET) शिक्षालय वा कार्यक्रमको स्थापना र विस्तार गर्ने ।
- हाल सञ्चालित सिभिल इन्जिनियरिङ धारका अतिरिक्त समाजको माग र स्थानीय आवश्यकताका आधारमा कृषि, पर्यटन, सूचना प्रविधि आदि लगायतका नयाँ विषयहरू थप गर्दै नेपाल सरकार तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) सँगको समन्वय र साझेदारीमा प्राविधिक शिक्षाको गुणात्मक विकास गर्ने ।
- कक्षा पूरा गर्न नसकेका वा इच्छुक विद्यार्थी, नगरका बेरोजगार तथा विद्यालय शिक्षा बाहिर रहेका वालवालिकाहरूलाई छोटो अवधिको व्यावसायिक तालिम प्रदान गरी राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) अनुसार सीप प्रमाणीकरण गराउने र उनीहरूलाई स्थानीयस्तरमै "वैज्ञानिक, व्यावहारिक, रोजगारमूलक र जनमुखी" सीप सिकाएर आत्मनिर्भर एवं स्वरोजगार बन्न सक्षम तुल्याउने ।
- भौतिक पूर्वधारयुक्त विद्यालय तथा सभाहललाई उपयोगमा ल्याइने ।
- नगरपालिकमा शिक्षा, युवा तथा खेलकुद उपशाखामा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी उपशाखा/इकाईको व्यवस्था गरिने ।
- सङ्घीय तथा नगर शिक्षा ऐनको परिधिमा रहेर प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन, रेखदेख र अनुगमन निर्देशिका निर्माण गरिने ।
- यस नगरपालिकामा रहेका शैक्षिक संस्थाहरूलाई पाँच वर्षमा हालको अवस्थाबाट सुधार गरी शिक्षाका माध्यमले सुसंस्कृत, समुन्नत र शान्त वातावरणले भरिपूर्ण नगर हुनेछ ।
- सुन्दरहरैँचा र आसपासका क्षेत्रका कृषि, निर्माण तथा औद्योगिक कोरिडोरहरूलाई आवश्यक पर्ने जनशक्ति (जस्तैः कृषि प्राविधिक, अटोमोबाइल, प्लम्बिङ, इलेक्ट्रिसियन) पहिचान गरी "स्थानीय बजार-मागमा आधारित" अल्पकालीन तथा दीर्घकालीन कार्यक्रम सञ्चालनको अवसर प्रदान गरिनेछ ।

- भौतिक पूर्वाधार, मानवीय स्रोत र लगानीको सुनिश्चितता भएमा तलको तालिकामा भएका विधाहरू छनौट गरी कार्यक्रम सञ्चालनको अवसर प्रदान गरिनेछ।

**तालिका १७**

**शैक्षिक कार्यक्रमहरू**

| **क्र सं** | **नेपाल सरकारको कार्यक्रम** | सिटीइभीटी (CTEVT)को कार्यक्रम |
|---|---|---|
| १. | सिभिल इन्जिनियरिङ् | डिप्लोमा इन सिभिल इन्जिनियरिङ् ३ वर्षे |
| २. | इलेक्टिकल इन्जिनियरिङ् | प्रि डिप्लोमा इन सिभिल इन्जिनियरिङ् १८ महिने |
| ३. | कम्प्युटर इन्जिनियरिङ् | डिप्लोमा इन स्वास्थ्य विज्ञान ३ वर्षे |
| ४. | कृषि विज्ञान | प्रि डिप्लोमा इन स्वास्थ्य विज्ञान १८ महिने |
| ५. | वनस्पति विज्ञान | डिप्लोमा इन कृषि तथा वन विज्ञान ३ वर्षे |
| ६. | प्राणी विज्ञान | प्रि डिप्लोमा इन कृषि तथा वन विज्ञान १८ महिने |
| ७. | होटल व्यवस्थापन | डिप्लोमा इन हस्पिटालिटि वा व्यवस्थापन ३ वर्षे |
| ८. | सङ्गीत शिक्षा | प्रि डिप्लोमा इन हस्पिटालिटि वा व्यवस्थापन १८ महिने |
| ९. | फार्मेशी सम्बन्धी आधारभूत कार्यक्रम | |
| १०. | स्वास्थ्य सहायक सम्बन्धी आधारभूत कार्यक्रम | |

माथिका शैक्षिक कार्यक्रमहरू अल्पकालीन तथा दीर्घकालीन रूपमा कार्यान्वयनका लागि देहायका क्षेत्रगत पाठ्यक्रम तयार गर्दै उपलब्धिमूलक बनाइनेछ।

१. बजारको मागमा आधारित पाठ्यक्रम

- औद्योगिक साझेदारी: स्थानीय तथा क्षेत्रीय उद्योगहरू (इँटा उद्योग, कृषि फर्म, निर्माण व्यवसाय, र ग्यारेजहरू) सँग समन्वय गरी 'सर्ट टर्म' सीपमूलक तालिम (जस्तै: प्लम्बिङ, वायरिङ, ब्युटिसियन, अटोमोबाइल मेकानिक, र डिजिटल मार्केटिङ) का कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कृषि तथा सूचना प्रविधि: सुन्दरहरैंचाको कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न माध्यमिक तहमा कृषि विज्ञान वा कम्प्युटर इन्जिनियरिङ जस्ता प्राविधिक धारका कक्षा सञ्चालन गरिनेछ।

२. "कमाउँदै सिक्दै" कार्यक्रम

- प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूलाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी विद्यालयकै हाताभित्र वा स्थानीय उद्योगहरूसँग मिलेर उत्पादनमूलक कार्यमा जोड्ने र उनीहरूलाई आम्दानीको अवसर दिने कार्यक्रमके लागि विपन्न र जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षामा आकर्षित गरिनेछ।

३. 'ओजेटी' र इन्टर्नसिप व्यवस्थापन

- कक्षा ११ र १२ का प्राविधिक धारका विद्यार्थीका लागि स्थानीय उद्योग, बैंक, कृषि सहकारी, र नगरपालिकाकै प्राविधिक शाखाहरूमा अनिवार्य ३ देखि ६ महिनाको इन्टर्नसिप वा ओजेटी गराउने र त्यसको मूल्याङ्कनको अभिलेख राखिनेछ ।

४. पूर्वाधार तथा दक्ष जनशक्ति सुनिश्चितता

- प्राविधिक शिक्षा महँगो हुने भएकाले मस्यौदामा स्पष्ट रूपमा "प्राविधिक शिक्षा कोष" को स्थापना शुरु गरिनेछ।

- साधारण शिक्षकले प्राविधिक विषय पढाउन नसक्ने हुनाले बजारबाट सिधै 'प्रशिक्षक' वा विज्ञहरूलाई करारमा लिएर अध्यापन गराउन सक्ने गरी नगरले अलग्गै 'शिक्षक तथा प्रशिक्षक व्यवस्थापन कार्यविधि' बनाइ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

- ५. क्यारियर काउन्सिलिङ र रोजगार समन्वय केन्द्र
- प्राविधिक धार उत्तीर्ण गरेका विद्यार्थीहरूलाई वैदेशिक रोजगार वा बेरोजगार बस्नुपर्ने अवस्था नआओस् भन्नका लागि नगरपालिकामा एउटा "रोजगार सूचना तथा परामर्श केन्द्र" स्थापना गरी सो कार्यक्रमलाई व्यवस्थापन र सञ्चालन गरिनेछ।

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ग) उपलब्धि

प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्दा प्राप्त हुने मुख्य उपलब्धिहरू

- ✓ प्रत्येक वडामा सीटीइभीटी (CTEVT) वा नेपाल सरकारको अनुमतिमा प्राविधिक विद्यालय वा शिक्षालयहरू स्थापना भई नगरका सबै क्षेत्रका वालवालिकाहरूले आफूलाई पायक पर्ने स्थानमा सुलभ र गुणस्तरीय प्राविधिक शिक्षा पाउनेछन्।
- ✓ विपन्न, दलित तथा जेहेन्दार विद्यार्थीहरूका लागि स्थानीय स्तरमै प्राविधिक शिक्षाको अवसर उपलब्ध हुँदा आर्थिक अभावका कारण उच्च शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य हुनेछ।
- ✓ माध्यमिक तह (९-१२) र डिप्लोमा स्तरमा सिभिल इन्जिनियरिङ लगायत अन्य व्यावहारिक विधामा दक्ष र उत्पादनशील जनशक्ति तयार हुनेछन्।
- ✓ "वैज्ञानिक, व्यावहारिक र रोजगारमूलक" शिक्षाका कारण वालवालिकाहरू केवल जागिर खोज्ने मात्र नभई छोटो अवधिको तालिम र सीप प्रमाणीकरण (NVQS) मार्फत स्थानीय स्तरमै साना तथा मझौला उद्योग वा व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्नेछन्।

- ✓ नगरभित्रै उत्पादित सिभिल इन्जिनियरिङ तथा अन्य प्राविधिक जनशक्तिलाई नगरपालिकाका भौतिक पूर्वाधार निर्माण, योजना तर्जुमा र विकास निर्माणका कार्यमा उपयोग गर्न सकिनेछ, जसले गर्दा बाह्य जनशक्तिको निर्भरता घट्नेछ।
- ✓ भविष्यमा विद्यालय शिक्षा पूरा गरेलगत्तै रोजगारी वा स्वरोजगारीका अवसरहरू सिर्जना हुने भएकाले नगरका वालवालिकाहरूको वैदेशिक पलायन र बेरोजगारीको दरमा उल्लेखनीय कमी आउनेछ।
- ✓ 'राष्ट्रिय शिक्षा नीति, २०७६' र 'शिक्षा ऐन, २०२८' ले परिकल्पना गरेबमोजिम माध्यमिक शिक्षामा प्राविधिक धारको हिस्सा वृद्धि भई नगरपालिका देशकै लागि एक नमुना शैक्षिक केन्द्रको रूपमा स्थापित हुनेछ।
- ✓ यस क्षेत्रका उद्योगी, व्यवसायी र कृषक समेतको आर्थिक तथा व्यक्तित्वको विकास हुने र सामाजिक रुपान्तरणमा टेवा पुग्ने देखिन्छ।

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

### ३.५.१ परिचय

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहलाई लक्षित गरी दिइने शिक्षानै अनौपचारिक शिक्षा हो। औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्न जीवनपर्यन्त अर्थात् आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो, जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन्। आफ्नो जीवनको इतिहास आफैँ लेख्छन् तसर्थ सिकाई जीवन पद्धतिसँग जोडिएको हुनेछ। अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्यहरू निर्धारण गरी सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिको विकास गर्न, विशेष क्षमता भएका व्यक्तिहरूका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ।

### ३.४.२ वर्तमान अवस्था

सुन्दरहरैँचा नगरपालिकाभित्र १५ देखि ६० वर्षसम्मका विद्यालयको पहुँचबाहिर रहेका व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएका साक्षरता कक्षाहरूबाट नगरपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसङ्ख्यामा कुल साक्षरता ८३ प्रतिशत भन्दा माथि पुगेको छ। यस नगरपालिकामा एउटा सिकाई केन्द्र (सामुदायिक सिकाई केन्द्र) सञ्चालनमा रहेको छ। विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका

नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य समेत राखिएको छ। सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवनपर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिइएको छ। साथै औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ। सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था विद्यमान रहेको छ। मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमजस्ता वैकल्पिक संस्थाहरूको समन्वय र स्रोत सुदृढीकरण आवश्यक रहेको प्रौढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

### ३.४.३ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सिपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु,

ख) सामुदायिक सिकाई केन्द्रको सवलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अतिरिक्त माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु,

### ३.४.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसङ्ख्याको पहिचान र अभिलेखीकरण गर्ने,

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने,

ग) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने,

घ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी नगरस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने,

ङ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने,

च) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने,

छ) संघ र प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने,

ज) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सिपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने ,

झ) नगरपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि तथा नतिजा :** सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

**तालिका १८**

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| १ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान र क्षमता अभिवृद्धि प्रदान गर्ने | हजारमा | ३०० | ३२५ | ३५० | ३५० | ४०० | |
| २ | अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन | हजारमा | १००० | १००० | १५०० | १५०० | २००० | |
| ३ | घरधुरी सर्वेक्षण गरी साक्षरता तथा अनौपचारिक शिक्षाको तथ्याङ्क सङ्कलन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | सिकाइ केन्द्रहरूमा इन्टरनेट र सूचना प्रविधि सुविधा उपलब्ध गराउने | हजारमा | १०० | १०० | १२५ | १२५ | १५० | |
| ५ | वडा र टोलमा प्रौढ साक्षरता कक्षा सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | सामुदायिक सिकाइ केन्द्रमार्फत सिप विकास र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | खुला तथा दूर शिक्षामा सहजीकरण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | परम्परागत ज्ञानको संरक्षण र अभिलेखीकरण गर्ने | हजार | २०० | २५० | २५० | ३०० | ३०० | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरू

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन, नियमावली तथा सम्बन्धित निर्देशिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ । यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक र जीवनोपयोगी सिप विकास गर्ने लक्ष्य राखेको छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन सुनिश्चित गर्दछ । यसले शिक्षक र विद्यालयलाई जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तर सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना गरिएको थियो । पाठ्यकम विकास केन्द्र संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू भयो । यसै क्रममा वि.सं. २०७६ सालमा नयाँ राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भई सो राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको समेत व्यवस्था गरेको छ ।

### ४.१.२ वर्तमान अवस्था

सुन्दरहरैँचा नगरपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ । विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागू नहुनु र स्थानीय विषयका पाठ्यपुस्तक छपाई गरी उपलब्ध गराउन नसकिएको अवस्थालाई नगरपालिकाले कमजोरीका रूपमा स्वीकार गरेको छ । यसलाई सुधार गर्न नगरपालिकामा स्थानीय पाठ्यक्रम विकास गरी थप कक्षाहरूमा लागू गर्ने लक्ष्य राखिएको छ, जसले विद्यार्थीमा स्थानीय परिवेशको ज्ञान, जीवनोपयोगी सिप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विषयहरू पाठ्यक्रमसँग जोड्ने प्रयास गरिएको छ ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत शैली र सैद्धान्तिक मूल्याङ्कनमा मात्र निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ । आधारभूत र माध्यमिक तहका कक्षाहरूमा आन्तरिक तथा वाह्य मूल्याङ्कनका सूचकहरू विकास गरी कार्यान्वयनमा ल्याइएको छ । शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, विशेष क्षमता भएका बालबालिकाहरूका लागि विशेष मूल्याङ्कन गर्ने तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिपसमेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ ।

नगरपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्दै माध्यमिक तहसम्मको परीक्षा सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ । यसरी सुन्दरहरैँचा नगरपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ ।

### ४.१.३ पाठ्यक्रम र मूल्याङ्कन उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु,

ग) पाठ्यक्रमले तोकेबमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु,

### ४.१.४ पाठ्यक्रम र मूल्याङ्कन रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधानकेन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ठ) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवम् कार्यान्यिन गर्ने,

ड) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि तथा नतिजा :**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

**तालिका १९**

**प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण**

| क्र .सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शनका आधारमा परीक्षा सञ्चालन | हजारमा | १५०० | १६५० | १८२५ | १९०० | १९५० | |
| २ | एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम | हजारमा | २७५ | २७५ | ३०० | ३२५ | ३५० | |
| ३ | पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रोबोधीकरण तथा अभिमुखीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र प्रकाशन | हजारमा | ३००० | ३५०० | ३५०० | ४००० | ४५०० | |
| ५ | उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम (कक्षा ८, १० र १२) | हजारमा | २०० | २०० | २५० | ३०० | ३५० | |
| ६ | शैक्षिक गुणस्तर परीक्षण मूल्याङ्कन कार्यक्रम | हजारमा | २०० | २०० | २५० | २५० | ३०० | |
| ७ | सामुदायिक विद्यालयका सिकाइ क्षमता कमजोर भएका विद्यार्थीहरूका अभिभावकहरूका लागि परामर्श तथा अभिभावक सचेतनामूलक कार्यक्रम | हजारमा | २०० | ३०० | ४०० | ५०० | ६०० | |
| ९ | शिक्षक तालिम,पेसागत सहयोग, पुनर्ताजगी तालिम | हजारमा | २५० | ३०० | ३५० | ४०० | ४५० | |
| १० | सुपरीवेक्षण तथा अनुगमन | हजारमा | २०० | २०० | २५० | २५० | ३०० | |
| ११ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अभिमुखीकरण | हजारमा | १०० | १५० | १५० | २०० | २०० | |
| १२ | विद्यार्थीको आन्तरिक मूल्याङ्कन प्रभावकारी कार्यान्वयन | हजारमा | २०० | २०० | २५० | २५० | ३०० | |
| १३ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | हजारमा | २०० | २०० | २५० | २५० | ३०० | |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

#### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशामा उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक

छ। शिक्षकको विषयगत ज्ञान, शिक्षणसिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक-विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षण पेसालाई रोजाइको पेशा बनाउने प्रयास नगरपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थीकेन्द्रित शिक्षण-सिकाइको प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.२ वर्तमान अवस्था

सुन्दरहरैंचा नगरपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरवन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी सङ्ख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षकहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। नगरपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको उपलब्धता पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामा आधारित गराउन आवश्यक छ। यी चुनौतीहरूको सामना गर्न नगरपालिकाले शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

### ४.२.३ शिक्षक व्यवस्थापन र विकासका उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ शिक्षक व्यवस्थापन र विकासका रणनीतिहरू

क) विद्यार्थी सङ्ख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यकअनुसार पुनर्वितरण गर्ने
ख) रिक्त शिक्षक दरवन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने
ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने
घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ उपलब्ध गराउने

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संशाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यतामा र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ढ) नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरणमार्फत जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षा कोठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउने

त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

थ) शैक्षिक सुधार र पेशागत विकास गर्न अध्ययन, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिँदै शिक्षकको कार्यसम्पादनसँग जोडेर लैजाने,

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि तथा नतिजा :** विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**तालिका २०**

**पाँच बर्षे मध्यावधिक लक्ष्य**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई गैर अनुदान | हजारमा | १९५० | १९५० | १९५० | १९५० | १९५० | |

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| २ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | हजारमा | ५२०२ | ५२०२ | ५२०२ | ५२०२ | ५२०२ | |
| ३ | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | हजारमा | ४६१ | ४६१ | ४६१ | ४६१ | ४६१ | |
| ४ | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | हजारमा | ८८६ | ९०० | ९२५ | ९५० | १००० | |
| ५ | शिक्षक दरबन्दीको पुनर्वितरण र विषयगत आवश्यकताअनुसार समायोजन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | शिक्षकको पेसागत क्षमता विकासका लागि कार्यशाला, तालिम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | हजारमा | २०० | २५० | ३०० | ३५० | ४०० | |
| ७ | प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने | हजारमा | १८४ | २०० | २२५ | २५० | २७५ | |
| ८ | शैक्षिक सामग्री निर्माण तालिम/कार्यशालाको व्यवस्था गर्ने | हजारमा | १०० | १०० | १५० | १५० | २०० | |
| ९ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट प्रयोग तालिमको व्यवस्था गर्ने | हजारमा | २१० | २१० | २३० | २५० | २७० | |

### ४.३ समता र समावेशीकरण

#### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई

गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

**४.३.२ वर्तमान अवस्था**

सुन्दरहरैँचा नगरपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नगरपालिकामा हाल ३५ वटा सामुदायिक विद्यालय र ४८ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा करिब ३६२९६ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको सङ्ख्या करिब ४७.३४ प्रतिशत रहेको छ भने दलित, जनजाति तथा अन्य वञ्चित समुदायका विद्यार्थीहरूको सङ्ख्या करिब ५२.६६ प्रतिशत रहेको अनुमान छ। नगरपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म करिब २२७९ जना सामुदायिक विद्यालयका  विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या करिब १८१ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ। यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा, सुन्दरहरैँचा नगरपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे तापनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

**४.३.३ समता र समावेशीकरणका उद्देश्य**

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु,

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु,

**४.३.४ समता र समावेशीकरणका रणनीतिहरू**

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने,

ग) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने,

घ) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूको गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने,

ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षाकोठा आदि) निर्माण तथा सुधार गर्ने,

च) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने,

छ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने,

ज) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने,

झ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने।

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि र नतिजा:** समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहाराविहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका २१**

**५ वर्षा मध्यावधिक लक्ष्य निर्धारण**

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | दलित छात्रवृत्ति (कक्षा १-५) गैर आवसीय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) (आवासीय) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विशेष आवश्यकता भएका विद्यार्थी अध्ययनरत विद्यालय अनुदान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening) गर्न स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| ७ | विद्यालयमा जेन्डर फोकल पर्सन तोक्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | गुनासो व्यवस्थापन तथा समाधान प्रणाली सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | विद्यालयमा लैङ्गिकमैत्री शौचालय निर्माण गर्ने | वटा | १० | १० | ५ | ५ | ५ | |
| ११ | अपाङ्गमैत्री संरचना (र्याम्प, रेलिङ आदि) निर्माण गर्ने | वटा विद्यालय | १० | १० | ५ | ५ | ५ | |
| १२ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १४ | विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग अन्तरक्रिया गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | समता र समावेशीकरणसम्बन्धी नियमित अनुगमन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

#### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन् । यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ । साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ ।

#### ४.४.२ वर्तमान अवस्था

सुन्दरहैँचा नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालयस्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा विद्यालयमा नै तयार गरी वितरण भइरहेको छ । यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भइरहेका छन्, तसर्थ यस कार्यक्रमलाई माथिल्लो तहसम्म नै निरन्तर रूपमा बढाएर लैजानुपर्ने देखिन्छ ।

नगरपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण कार्य जारी रहेको छ । कक्षा ६-१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ । साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

#### ४.४.३ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रमका उद्देश्यहरू

क) बालबालिकाहरूलाई स्वस्थ एवम पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु,

### ४.४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रमका रणनीतिहरू

क) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामग्री, अलग-अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरणलाई थप प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावकका लागि पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापनसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित कार्यक्रममा पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई आवश्यक तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय रूपमा सहभागी गराउने।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) **उपलब्धि र नतिजा:** विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:**

**तालिका २२**

**पाँच वर्षा मध्यावधिक लक्ष्य निर्धारण**

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | बालविकासदेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| २ | सामुदायिक विद्यालयका किशोरीहरूलाई निःशुल्क उपलब्ध गराउन सेनेटरी प्याड खरिद तथा वितरण | हजारमा | ५२६५ | ५७९१ | ६३७० | ७००७ | ७७०७ | |
| ३ | विद्यालय पोषण र दिवाखाजासम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था | वटा | १० | १० | ५ | ५ | ५ | |
| ५ | साबुन, पानी, सरसफाइ सामग्री व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | प्राथमिक उपचार कक्षा सञ्चालन, स्वास्थ्य जाँच र पोषण तत्त्व वितरण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य र स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | अभिभावक र समुदायलाई अनुगमन र सुधारमा सहभागी बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.५ आपतकालीन अवस्थामा शिक्षा

#### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायमा आधारित सिकाइको व्यवस्था गरिनुपर्दछ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान रूपमा सिक्ने अवसर प्राप्त गर्नुपर्दछ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुर्‍याउँदछ।

#### ४.५.२ वर्तमान अवस्था

सुन्दरहैँचा नगरपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता अवस्थामा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिभिजनका माध्यमबाट सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था गरिन्छ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिने र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गर्ने गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। नगरपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ।

### ४.५.३ आपतकालीन अवस्थामा शिक्षाका उद्धेश्यहरु

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु।

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु।

### ४.५.४ आपतकालीन अवस्थामा शिक्षाका रणनीतिहरु

क) सङ्घीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय र सहकार्य गर्ने।

घ) Flipped classroom, blended learning and virtual learning जस्ता सिकाईका माध्यमहरू र सिद्धान्तहरूलाई समयानुसार प्रयोग गर्ने।

ङ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

च) नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

छ) प्रत्येक विद्यालयमा विपद प्रतिकार्य योजना तयार गर्ने।

ज) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण-सिकाइ योजना तयार गर्ने। स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको विपद प्रतिकार्य क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् प्रतिकार्य र व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधिको प्रभाव पहिचान गरी समाधान गर्ने।

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजनामा समावेश गर्ने।

ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारीसम्बन्धी ज्ञान र व्यावहारिक तालिम दिने।

ण) अभिभावक र समुदायलाई आपतकालीन अवस्थाको शिक्षामा सक्रिय सहभागी बनाउने।

त) संकट/आपतकालिन अवस्थामा शिक्षाको व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधारका कार्यहरू गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धी र नतिजा:** आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य:**

**तालिका २३**

**मध्यावधिक रणनीतिक लक्ष्य**

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | आपत्कालीन शिक्षा योजना र यसको कार्यविधि निर्माण गरी कार्यन्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | नगरपालिकास्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | स्रोत शिक्षक र प्रधानाध्यापकलाई तालिम दिने | पटक | १ | १ | १ | १ | १ | |
| ४ | विद्यार्थी र शिक्षकमा विपद् सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| ५ | अभिभावकलाई पनि सचेतनामा सहभागी बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | वैकल्पिक सिकाइ उपाय तयार राख्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | स्थानीय रेडियो, टेलिभिजन र सञ्चारसँग समन्वय गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | नियमित ड्रिल अभ्यास र आपतकालीन अभ्यास गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | अनुगमन, मूल्याङ्कन र सुधारको माध्यमबाट कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। **शिक्षा नियमावली, २०५९** अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले

प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्नसक्ने वातावरण सुनिश्चित गर्छ । विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि पर्याप्त कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पिउने पानी, सरसफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन् । **राष्ट्रिय शिक्षा नीति २०७६** ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ । यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुर्‍याउँछ ।

### ४.६.२ वर्तमान अवस्था

सुन्दरहरैंचा नगरपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालयको भौतिक पूर्वाधार विकासमा लगातार प्रयासहरू भइरहेका छन् । नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन् । प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ ।

नगरपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ । केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ । यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ ।

समग्रमा, सुन्दरहरैंचा नगरपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भएपनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा थप योजना र पर्याप्त स्रोतको आवश्यकता देखिन्छ । सामुदायिक विद्यालहरूको वर्तमान भौतिक अवस्था र आगामी पाँच वर्षको लक्ष्य निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका २४

आगामी पाँच वर्षको मध्यावधिक लक्ष्य

| क्र.स. | भौतिक विवरण | आधार वर्ष २०८२/८३ को स्थिति | आर्थिक वर्ष २०८३/८४ को लक्ष्य | आर्थिक वर्ष २०८४/८५ को लक्ष्य | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य | आर्थिक वर्ष २०८६/८७ को लक्ष्य | आर्थिक वर्ष २०८७/८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | ढलानयुक्त भवन भएका सामुदायिक विद्यालय सङ्ख्या | २७ | ३० | ३५ | ० | ० | ० |
| २ | टिनको छानायुक्त सामुदायिक विद्यालयको सङ्ख्या | २१ | १५ | १० | ५ | ० | ० |

| क्र.स. | भौतिक विवरण | आधार वर्ष २०८२/८३ को स्थिति | आर्थिक वर्ष २०८३/८४ को लक्ष्य | आर्थिक वर्ष २०८४/८५ को लक्ष्य | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य | आर्थिक वर्ष २०८६/८७ को लक्ष्य | आर्थिक वर्ष २०८७/८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| ३ | सबै सामुदायिक विद्यालयमा जीर्ण भएका भवन सङ्ख्या | २८ | १० | १० | ८ | ० | ० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने आवश्यक कक्षाकोठा सङ्ख्या | ११७ | ५० | ५० | ४० | ३० | २० |
| ५ | कक्षाकोठा पर्याप्त भएका विद्यालय सङ्ख्या | १३ | २० | ३५ | ३५ | ३५ | ३५ |
| ६ | कक्षाकोठा पर्याप्त नभएका विद्यालय सङ्ख्या | २२ | १५ | ० | ० | ० | ० |
| ७ | पर्याप्त पिउने पानी भएको विद्यालय सङ्ख्या | २० | ३० | ३५ | ३५ | ३५ | ३५ |
| ८ | पर्याप्त पिउने पानी नभएको विद्यालय सङ्ख्या | १५ | ५ | ० | ० | ० | ० |
| ९ | शौचालय पर्याप्त भएका विद्यालय सङ्ख्या | १६ | २५ | ३५ | ० | ० | ० |
| १० | शौचालय पर्याप्त नभएका विद्यालय सङ्ख्या | १९ | १० | ० | ० | ० | ० |
| ११ | छुट्टै प्रधानाध्यापक कक्ष भएका विद्यालय | २६ | ३० | ३५ | ० | ० | ० |
| १२ | छुट्टै प्रधानाध्यापक कक्ष नभएका विद्यालय | ९ | ५ | ० | ० | ० | ० |
| १३ | खेलमैदान पर्याप्त भएका विद्यालयको सङ्ख्या | २५ | २८ | ३० | ३२ | ३५ | ३५ |
| १४ | खेलमैदान पर्याप्त भएका विद्यालयको सङ्ख्या | १० | ७ | ५ | ३ | ० | ० |
| १५ | पुस्तकालय भएका विद्यालय सङ्ख्या | १५ | २० | २५ | ३० | ३५ | ३५ |

| क्र.स. | भौतिक विवरण | आधार वर्ष २०८२/८३ को स्थिति | आर्थिक वर्ष २०८३/८४ को लक्ष्य | आर्थिक वर्ष २०८४/८५ को लक्ष्य | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य | आर्थिक वर्ष २०८६/८७ को लक्ष्य | आर्थिक वर्ष २०८७/८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १६ | पुस्तकालय नभएका विद्यालय सङ्ख्या | २० | १५ | १० | ५ | ० | ० |
| १७ | प्रयोगशाला भएका विद्यालय सङ्ख्या | १९ | २५ | ३० | ३५ | ० | ० |
| १८ | प्रयोगशाला नभएका विद्यालय सङ्ख्या | १६ | १० | ५ | ० | ० | ० |
| १९ | चमेना गृह भएका विद्यालय सङ्ख्या | १९ | २५ | ३० | ३५ | ० | ० |
| २० | चमेना गृह नभएका विद्यालय सङ्ख्या | १६ | १० | ५ | ० | ० | ० |
| २१ | पर्याप्त घेराबारा भएका विद्यालय सङ्ख्या | २४ | ३० | ३५ | ३५ | ३५ | ३५ |
| २२ | पर्याप्त घेराबारा नभएका विद्यालय सङ्ख्या | ११ | ५ | ० | ० | ० | ० |
| २३ | प्राथमिक उपचार कक्ष भएका विद्यालय सङ्ख्या | ६ | १२ | २० | २७ | ३० | ३५ |
| २४ | प्राथमिक उपचार कक्ष नभएका विद्यालय सङ्ख्या | २९ | २३ | १५ | ८ | ५ | ० |
| २५ | सभा सम्मेलन हल भएका विद्यालय सङ्ख्या | ३ | ८ | १० | १३ | १६ | २० |

### ४.६.३ विद्यालय भौतिक पूर्वाधार विकासका उद्देश्यहरू

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु।

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु।

### ४.६.४ विद्यालय भौतिक पूर्वाधार विकासका रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजा घर लगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र हिंसारहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलमैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइका स्रोतहरू सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधारमार्फत पूर्वाधारको टिकाउपना र प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य

**क) उपलब्धि र नतिजा:** सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**तालिका २५**

**मध्यावधिक रणनीतिक लक्ष्य**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | वटा | ३ | ३ | ३ | ३ | ३ | |
| २ | विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार मापदण्ड निर्धारण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | सङ्घसंस्था र सरोकारवालासँग समन्वय गरी पूर्वाधार निर्माणको लागत साझेदारी गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, शौचालय, पानी, भान्सा/खाजा घर लगायत समग्र पूर्वाधार डिजाइन र निर्माण गर्ने | वटा | २ | २ | २ | २ | २ | |

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| ५ | प्रकोप प्रभावित विद्यालय भवनको स्तरोन्नति र वैकल्पिक व्यवस्थाको आयोजना गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, हिंसारहित, सुरक्षित र हरित विद्यालय, वातावरण संरक्षण तथा जलवायु अनुकूल सिकाइ केन्द्रको रूपमा विकास गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ । नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकका रूपमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागितामूलक र आधुनिक बनाउन प्रयोग गरिन्छ । ICT मार्फत शिक्षकहरूले बहु-आयामिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन् । विद्यार्थीहरूलाई खोज, अनुसन्धान, परियोजना कार्य र संवादात्मक सिकाइमा सहभागी गराउन ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ । विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण-सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउँदछ, सूचनाको पहुँचमा सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सिप विकासमा सहयोग पुऱ्याउँछ । यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ ।

### ४.७.२ वर्तमान अवस्था

सुन्दरहरैँचा नगरपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधाहरू उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रविधिको प्रयोग गर्दै पाठ्यक्रमअनुसार पठनपाठन कार्य सञ्चालन गरिरहेका छन् तर सबै विद्यालयमा ICT को पहुँच समान रहेको अवस्था छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। नगरपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ।

समग्रमा, यस नगरपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र पर्याप्त स्रोतको आवश्यकता देखिन्छ। वर्तमान सूचना प्रविधिको उपलब्धताको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**आधार वर्ष (शैक्षिक सत्र २०८२) मा विद्यालयहरूमा भएका डिजिटल उपकरणहरूको स्थिति र भावी लक्ष्य**

**तालिका २६**

**डिजिटल उपकरणहरूको स्थिति र भावी मध्यावधिक लक्ष्य**

| क्र.स. | विवरण | आधार वर्ष २०८२/८३ को सङ्ख्या | २०८३/८४ को लक्ष्य | २०८४/८५ को लक्ष्य | २०८५/८६ को लक्ष्य | २०८६/८७ को लक्ष्य | २०८७/८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा कार्यालयका लागि/शिक्षकका लागि प्रयोगमा रहेका डेस्कटप/ल्यापटपको सङ्ख्या | ५५ | ८० | १०० | १५० | २०० | ३०० |
| २ | विद्यालयमा विद्यार्थीका लागि प्रयोगमा रहेका डेस्कटप/ल्यापटपको सङ्ख्या (चलिरहेका/नबिग्रिएका मात्र) | ३४१ | ३६० | ४०० | ४२० | ४५० | ५०० |
| ३ | विद्यालयमा रहेको प्रोजेक्टर सङ्ख्या | २० | ३० | ३५ | ४० | ५० | ६० |

| क्र.स. | विवरण | आधार वर्ष २०८२/८३ को सङ्ख्या | २०८३/८४ को लक्ष्य | २०८४/८५ को लक्ष्य | २०८५/८६ को लक्ष्य | २०८६/८७ को लक्ष्य | २०८७/८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा प्रयोगमा रहेका स्मार्ट बोर्डको सङ्ख्या | ७३ | १०० | १५० | २०० | २५० | ३०० |

### ४.७.३ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिका उद्देश्यहरू

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु।

ख) ICT प्रयोगमार्फत डिजिटल साक्षरता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु।

### ४.७.४ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिका रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (इन्टरनेट, कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता अभिवृद्धि गर्न तालिम तथा कार्यशालाहरू सञ्चालन गर्ने।

ग) कक्षा र विषयअनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्यसामग्रीको प्रयोगलाई बढाउने।

घ) ICT को पहुँचलाई प्रोत्साहन र प्रवर्द्धन गर्न ICT पार्क निर्माण र समयसमयमा ICT FESTIVAL को आयोजना गर्ने

ङ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

च) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

छ) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT को प्रयोगलाई विस्तार गर्ने।

ज) सामुदायिक सिकाइ केन्द्रलाई सूचना प्रविधिमैत्री बनाउँदै लैजाने।

झ) दुर्गम क्षेत्रका विद्यालयमा ICT को पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन साधनको व्यवस्था गर्ने।

ञ) ICT मार्फत विद्यार्थीकेन्द्रित, अनुसन्धान र परियोजनामा आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ट) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि र नतिजा:** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**तालिका २७**

**मध्यावधिक रणनीतिक लक्ष्य**

| क्र .सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | विद्यालयमा भर्चुअल शिक्षण, इ-लर्निङ, पुस्तकालय र प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | विद्यालय शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास | हजारमा | १०० | १५० | २०० | २५० | ३०० | |
| ३ | सबै सामुदायिक विद्यालयमा विद्युत् सुविधाका लागि अनुदान | हजारमा | १२५० | १३०० | १३५० | १४०० | १४५० | |
| ४ | नमुनाको रूपमा डिजिटल सिकाइ कक्षा व्यवस्थापन तथा सञ्चालन | वटा | ५ | ७ | १० | १५ | २५ | |

### ४.७.५ स्थानीय पाठ्यक्रमका विषयवस्तु , रणनीतिहरू तथा अपेक्षित उपलब्धिहरू

सुन्दरहरैँचा नगरपालिकाको स्थानीय पहिचान, इतिहास र संस्कृतिलाई विद्यालय तहदेखि नै प्रवर्द्धन गर्न कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माणका देहायका विषयवस्तुहरू रहनेछन् ।

- इतिहास र भूगोल
- कला र संस्कृति
- आदिवासी/जनजाति पहिचान
- भाषा र लोकसाहित्य
- दिगो पर्यटन र रैथाने सीप

**स्थानीय पाठ्यक्रमका रणनीतिहरू**

- विज्ञ कार्यदल गठन

- बजेट तथा कोष व्यवस्थापन
- रैथाने ज्ञानको अभिलेखीकरण
- बहुभाषिक सिकाई नीति
- शिक्षक सुदृढीकरण र परिचालन
- सांस्कृतिक सङ्ग्रहालय साझेदारी

**स्थानीय पाठ्यक्रमका अपेक्षित उपलब्धिहरू**

- **स्थानीय पाठ्यक्रमको कार्यान्वयन:** शैक्षिक सत्रको सुरुवातमै नगरका सबै सरकारी तथा निजी विद्यालयमा एकीकृत स्थानीय पाठ्यक्रम पूर्ण रूपमा लागू हुनेछ।

- **सांस्कृतिक र भाषिक संवर्द्धन:** थारु, धिमाल, राजवंशी लगायतका आदिवासी जनजातिको पहिचान, लिपि र भाषाको अभिलेखीकरण भई नयाँ पुस्तामा हस्तान्तरण हुनेछ।

- **नगरपालिका गौरवको विकास:** विद्यार्थीहरूमा सुन्दरहैँचाको भूगोल, सिमसार क्षेत्र र ऐतिहासिक महत्वप्रति अपनत्व र नागरिक जिम्मेवारीको भावना विकास हुनेछ।

- **सहिष्णु र समतामूलक समाज:** बहुसांस्कृतिक र बहुभाषिक सिकाई सचेतनाले नगरभित्र सामाजिक सद्भाव, आपसी सम्मान र समतामूलक वातावरण निर्माण गर्नेछ।

- **दिगो पर्यटन र रैथाने सीप:** स्थानीय रैथाने कला, हस्तकला र सीपको प्रवर्द्धन भई भविष्यमा नगरको पर्यटन र आन्तरिक अर्थतन्त्रमा समेत टेवा पुग्नेछ।

### ४.७.६ शिक्षक तथा विद्यार्थी व्यवस्थापन

शैक्षिक गुणस्तर अभिवृद्धि तथा सामाजिक रूपान्तरणको मुख्य पक्ष भनेको शिक्षक तथा विद्यार्थी अनुपात हो । कक्षा कोठामा शिक्षक र विद्यार्थीले विताउने समय निश्चित गरिए जस्तै ५० जना विद्यार्थी बराबर १ जना शिक्षक पर्ने गरी विषयगत व्यवस्था गरिनेछ । विद्यालयहरूमा विद्यार्थी संख्या धेरै भएर अर्को सेक्सन खोल्नु परेमा देहाय बमोजिमको नियम लागू हुन्छ । तोकिएको ५० जनाको मापदण्ड भन्दा ४० प्रतिशत बढी अर्थात् ७० जना भन्दा बढी विद्यार्थी भएमा मात्र नयाँ सेक्सन (वर्ग) खोली थप १ शिक्षक दरबन्दी गणना गर्न सकिन्छ । दरबन्दी गणना देहायको तालिका अनुसार हुनेछ ।

तालिका २७ क

शिक्षक तथा विद्यार्थी अनुपात

| तह / कक्षा | कुल विद्यार्थी संख्या (विद्यालय स्तरमा) | सेक्सन संख्या | कानुनी अनुपात (तराई) | आवश्यक न्यूनतम शिक्षक संख्या (दरबन्दी) | दरबन्दी मिलानको आधार तथा कैफियत |
|---|---|---|---|---|---|
| प्रारम्भिक आधारभूत (कक्षा १–३) | ५० जना सम्म | १ | ५० : १ | ३ जना | 'एक कक्षा, एक शिक्षक' को अवधारणा अनुसार न्यूनतम ३ जना दरबन्दी अनिवार्य। |
| | ५१ देखि ७० जना सम्म | १ | ५० : १ | ३ जना | विद्यार्थी संख्या ७० नपुगेसम्म सेक्सन र दरबन्दी थपिने छैन। |
| | ७१ देखि १२0 जना सम्म | २ | ५० : १ | ४ जना | ७० जना कटेपछि दोस्रो सेक्सन स्वीकृत भई १ दरबन्दी थपिनेछ। |
| मध्य आधारभूत (कक्षा ४–५) | १०० जना सम्म | २ | ५० : १ | २ जना | कक्षा ४ र ५ का लागि प्रति कक्षा १-१ जना शिक्षकको हिसाबले। |
| | १०१ देखि १४० जना सम्म | २ | ५० : १ | २ जना | कुल विद्यार्थी संख्या २५० नपुगेसम्म कक्षा १-५ मा बढीमा ५ जना मात्र दरबन्दी हुनेछ। |
| उच्च आधारभूत (कक्षा ६–८) | १५० जना सम्म | ३ (कक्षागत) | ५० : १ | ४ जना | विषयगत आधार (नेपाली, अंग्रेजी, गणित/विज्ञान, सामाजिक) मा न्यूनतम ४ दरबन्दी। |
| | १५१ देखि २१० जना सम्म | ४ (कुनै कक्षा २ सेक्सन) | ५० : १ | ५ जना | विद्यार्थी बढी भएको कक्षामा सेक्सन विभाजन गरी थप शिक्षक व्यवस्थापन गर्ने। |
| माध्यमिक तह (कक्षा ९–१०) | १०० जना सम्म | २ (कक्षागत) | ५० : १ | ५ जना | अनिवार्य ५ विषय (नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक) का लागि अनिवार्य ५ विषयगत दरबन्दी। |
| | १०१ देखि १४० जना सम्म | २ | ५० : १ | ५ जना | सेक्सन थप नभएसम्म ५ जनाले नै पढाउनुपर्ने कानुनी व्यवस्था। |
| | १४१ देखि २०० जना सम्म | ३ (कुनै कक्षा २ सेक्सन) | ५० : १ | ६ जना | विद्यार्थी संख्या बढेर सेक्सन थपिँदा थप १ दरबन्दी उपलब्ध गराइने। |

| | | | | | |
|---|---|---|---|---|---|
| उच्च माध्यमिक (कक्षा ११–१२) | १०० जना सम्म (सङ्कायगत) | २ (कक्षागत) | ५० : १ | ३ देखि ४ जना | सङ्काय (सङ्काय: शिक्षा, व्यवस्थापन, विज्ञान आदि) र अनिवार्य विषयका आधारमा न्यूनतम दरबन्दी। |
| | १०० भन्दा बढी | आवश्यकता अनुसार | ५० : १ | विद्यार्थी अनुपातमा थप | स्वीकृत सङ्काय र ऐच्छिक विषयको चाप हेरी दरबन्दी वा शिक्षण अनुदान थप गरिनेछ। |

तालिका २७ क लाई आधार मानि प्रत्येक ३/३ वर्षमा दरबन्दी मिलान गरी  शिक्षक तथा विद्यार्थी अनुपात मिलाइ राखिनेछ।

## परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरू समावेश गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । योजना कार्यान्वयनका लागि नगरकार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लिखित नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरणमार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लिखित नीति तथा कार्यक्रमको स्पष्टताबिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। साथै अन्य विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारिएको छ। नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ वटा शैक्षिक तालिम केन्द्रहरूमध्ये ७ वटा केन्द्रहरू प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि यस ऐनबमोजिम तोकिएका २३ वटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखिएको छ। प्रत्येक तहमा शिक्षा, युवा तथा खेलकुद उपशाखाको व्यवस्था गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइंदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्। विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यस योजनामा प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई र लुम्बिनी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरू बीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ५.१.३ उद्देश्यहरू

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसारका संस्थागत संरचना तयार गर्नु।

ख) तीनै तहका सरकार बीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु।

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु।

घ) जनशक्तिहरूको संस्थागत क्षमता विकास गर्नु।

**५.१.४ रणनीतिहरू**

क) स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।

घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।

च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।

ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।

झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

ञ) मानव संशाधन, वित्तीय तथा भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।

ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण-सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।

ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।

ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

ण) किशोरी र किशोर अवस्थाहरूमा आइपर्ने मानसिक तनाव, सामाजिक सञ्जालको दुरुपयोग र दुर्व्यसन न्यूनीकरणका लागि विद्यालयहरूमा "**विद्यार्थी परामर्शदाता/मनोसामाजिक परामर्श**को छुट्टै स्थानको व्यवस्था गर्ने।

**५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धि र नतिजा:**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

**तालिका २८**

**क्रियाकलाप तथा लक्ष्य**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने तथा, अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम, वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी,IEMIS व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | नवीनतम शिक्षण विधि तथा पद्धति सम्बद्ध कार्यशाला/तालिम गोष्ठी | पटक | १ | १ | १ | १ | १ | |
| ५ | सामुदायिक विद्यालयहरूको स्तरोन्नति तथा शिक्षाको गुणस्तर विकासका लागि उत्प्रेरणा तथा सकारात्मक सोचको विकासका लागि गोष्ठी/तालिम तथा सेमिनार | पटक | १ | १ | १ | १ | १ | |
| ६ | विषयगत शिक्षक कार्यशाला तथा गोष्ठी | पटक | १ | १ | १ | १ | १ | |
| ७ | सामुदायिक र संस्थागत विद्यालयका असल अभ्यासहरूको आदान प्रदानका लागि साझा अभ्यास मेला आयोजना | पटक | १ | १ | १ | १ | १ | |
| ८ | प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक सञ्चालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ९ | शिक्षा शाखाबाट विद्यालय सुपरिवेक्षण तथा अनुगमन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १० | परीक्षा अनुगमन र निरीक्षण (त्रैमासिक, एसइइ र एसएलसी ) | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ११ | शैक्षिक क्रियाकलाप सम्बन्धी सबै वडाहरूसँग समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | नगर स्तरीय शैक्षिक मेला | पटक | १ | १ | १ | १ | १ | |
| १३ | विद्यालय सुधार योजना निर्माण र विकास तथा समीक्षा | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १४ | नगर खेलकुद बैठक, विभिन्न विधाका खेलकुद सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा सम्मान र पुरस्कार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग प्रतियोगतामा सहभागिता | पटक | १ | १ | १ | १ | १ | |
| १६ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| १७ | मेयरसँग विद्यार्थी कार्यक्रम सञ्चालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १८ | छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १९ | मेयर कप फुटबल प्रतियोगिता सञ्चालन (नगर स्तरीय, अन्तर वडा) | पटक | १ | १ | १ | १ | १ | |
| २० | शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेसागत क्षमता विकास तालिम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | |
| २१ | स्थानीय सरकार, अभिभावक, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ५.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी **शिक्षा योजना** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको **रणनीतिक र कार्यान्वयनमुखी योजना** हो। यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

### ५.२.२ वर्तमान अवस्थाः

नगरपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि **स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** गर्नेछ । नगरपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ । योजना कार्यान्वयन अन्तर्गत नगरपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ । साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन् ।

यसका अतिरिक्त नगरपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ । जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिकाको तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएको छ ।

### ५.२.३ उद्देश्य

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

क) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्ने अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि र नतिजा:** शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

**तालिका २९**

**क्रियाकलाप र लक्ष्य निर्धारण**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरूलाई थप सहजीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । प्रत्येक

विद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा, युवा तथा खेलकुद उपशाखाले गर्नेछ ।

जब कार्यक्रमहरूको कार्यान्वियन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद उपशाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ. को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरिवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमनपश्चात् सरोकारवालाहरूसँग समिक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचारप्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि नीतिगत रुपमा पालिका र विद्यालयस्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको अवस्था छ । खासगरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद उपशाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरूबाट पनि समयसमयमा अनुगमन हुनेगरेको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा नियमित अनुगमन गर्ने गरिएको छ । कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वियन गर्ने परिपाटी भने देखिएको छैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ ।  सफलता, सिकाई र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचारप्रसारको पनि खाँचो रहेको छ ।

प्रचलित ऐन, नियमअनुसार कार्य भएनभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय, व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मूल्याङकन गरिनेछ ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा सञ्चार प्रविधिका अन्य माध्यमबाट समेत जानकारी गराइनेछ । योजनाको कार्यान्वयनका क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछन् । योजनाको कार्यान्वयनको क्रममा नगरपालिकाका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

### ५.३.३ उद्देश्यहरू

क) अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्रको निर्माण गर्नु ।

ख) अनुमगन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

ग) योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतिहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु ।

### ५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनका लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

छ) योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

**५.३.५ उपलब्धि तथा नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धि :** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र

**ख) नतिजा:** योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

**तालिका ३०**

**क्रियाकलाप र लक्ष्य**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | |
| ३ | अनुगमन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अनुगमन सम्बन्धी क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ९ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | |

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १० | अध्ययन तथा अनुसन्धान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# परिच्छेद ६

# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन, कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ । वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घ सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च गर्ने तथा पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ । शिक्षालाई विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षामा विनियोजन हुनेपर्ने तथ्यलाई जोडदार रूपमा प्रस्तुत गरे तापनि सो अनुपातमा हालसम्म पनि बिनियोजन हुन नसकेको अवस्था छ । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ । कमजोर भौतिक पूर्वाधारलाई सुविधासम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु प्रमुख चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सशर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशतभन्दा बढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तकजस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका

लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत २१ हजार रहेको छ । तिहारका देउसी भैलोदेखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

यो दश वर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घ, प्रदेश र स्थानीय सरकार रहनेछन् भने अभिभावक र समुदायको भूमिका परिपूरकका रुपमा रहनेछन् । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गराउन सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

**तालिका ३१**

**वित्तीय स्रोत निर्धारण**

| क्र.सं. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | **सङ्घीय सरकार** | ३८,२८,७७,००० | ८९.२० | |
| २ | **प्रदेश सरकार** | ३३,५२,००० | ०.७८ | |
| ३ | **स्थानीय सरकार** | ४,३०,०२,१०५ | १०.०२ | |
| **जम्मा** | | ४२,९२,३१,१०५ | १०० | |

**६.३ उद्देश्यहरू**

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु,

ग) उपलब्ध स्रोतका आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

**६.४ रणनीतिहरू**

क) सङ्घ र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारको आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको सदुपयोग गराउन विद्यालयलाई जवाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदनपद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

**६.५ उपलब्धि तथा नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

क) शिक्षामा श्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

**६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्र अन्तर्गतका क्रियाकलापहरूको**

**तालिका ३२**

**बजेट विवरण**

| क्रस | शिक्षाका उपक्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २१२८३ | २१२८३ | २३४३५ | २३५६० | २७८१० | ११७३७१ |
| २ | आधारभत् शिक्षा | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १६०० | १६७५ | २२२५ | २२७५ | २८५० | ८०५५ |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ६३२५ | ७१७५ | ७७७५ | ८६२५ | ९६०० | १२६००० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ९१९३ | ९२७३ | ९४४३ | ९५६३ | ९७५८ | ४७२३० |
| ७ | समता र समावेशीकरण | ५१०० | ५१०० | ७१०० | ७१०० | ७१०० | ३१५०० |
| ८ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ५००० | ५५०० | ६१५० | ६७६५ | ७९९५ | ३१४१० |
| ९ | विद्यालय भौतिक पूर्वाधार विकास | ४१००० | ४१००० | ४१००० | ४१००० | ४१००० | २०५००० |
| १० | आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |

| क्रस | शिक्षाका उपक्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा |
| ११ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १२ | योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण | १०५० | ११०० | ११५० | ११५० | ११५० | ५६०० |
| १३ | विद्यालय दिवा खाजा तथा पोषण र सरसफाइ | ५२६५ | ५७९१ | ६३७० | ७००७ | ७७०७ | ३२१४० |
| १४ | **जम्मा** | | | | | | |

### ६.७ लगानी र मानवीय स्रोत व्यवस्थापन

- राजनीतिक हस्तक्षेपमुक्त विद्यालय व्यवस्थापन सुनिश्चित गर्नका लागि विद्यालय व्यवस्थापन समिति (SMC) का पदाधिकारीहरूका लागि अनिवार्य नेतृत्व विकास तालिम र उत्तरदायित्व सम्बन्धी अभिमुखिकरण गरिनेछ।
- विद्यालयको चौतर्फी विकासको जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई रहेको अनुभूति गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर शिक्षा शाखाले प्रत्येक विद्यालयको विद्यार्थी उपस्थिति, शैक्षिक नतिजा र शिक्षकको उपस्थिति डिजिटल माध्यम (जस्तै: Mobile App वा Web Portal) बाट real-time अनुगमन गर्ने प्रणालीको विकास गर्ने तथा निकास , अनुदान , पुरस्कार तथा सुधारका लागि अभिन्न अङ्ग मानिनेछ।
- विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको भौतिक तथा मानवीय सम्पतिको व्यवस्थापन गर्न आवश्यकता अनुसार सशक्तिकरण गरिनेछ।

### ६.८ लगानी तथा बजेट अभियान

सुन्दरहरैँचा नगरपालिकाले स्थानीय पाठ्यक्रम, नवप्रवर्तन, र शिक्षक दरबन्दी मिलानको दिगो व्यवस्थापनका लागि आफ्नै **'नगर शिक्षा विकास कोष'** खडा गरी स्थानीय उद्योग र वैदेशिक रोजगारीमा रहेका नगरवासी (Diaspora) बाट योगदान जुटाउने रणनीतिहरू **:**

- **कानुनी आधार र कोष ऐन:** नगर कार्यपालिकाबाट 'नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि' स्वीकृत गरी छुट्टै बैंक खाता सञ्चालन गर्ने।
- **नगरको बीउ पूँजी (Seed Money):** कोषको विश्वसनीयता बढाउन नगरपालिकाको आन्तरिक स्रोतबाट वार्षिक बजेटमै ५ प्रतिशत रकम बीउ पूँजीका रूपमा जम्मा गर्ने।

- **पारदर्शिता र डिजिटल ड्यासबोर्ड:** कोषमा प्राप्त हुने प्रत्येक रूपैयाँ र त्यसको खर्चको विवरण सार्वजनिक रूपमा हेर्न मिल्ने गरी डिजिटल ड्यासबोर्ड (वेबसाइट) मार्फत चौबीसै घण्टा पारदर्शी बनाउने।
- **'एक उद्योग, एक विद्यालय' साझेदारी:** उद्योगहरूलाई सीधै नगद दिनुको सट्टा स्थानीय पाठ्यक्रम मुद्रण, डिजिटल कक्षाकोठा निर्माण वा अल्पसंख्यक (थारु, धिमाल, राजवंशी) समुदायका बालबालिकालाई छात्रवृत्ति प्रायोजन (Sponsor) गर्न लगाउने।
- **'मेरो गाउँ, मेरो विद्यालय' अभियान:** वैदेशिक रोजगारी वा विदेशमा स्थायी रूपमा बसेका सुन्दरहरैँचाका नागरिकहरूको संजाल (Diaspora Network) सँग अनलाइन संवाद गरी आफ्नो पुरानो विद्यालय सुधारका लागि आह्वान गर्ने।
- **डिजिटल कोष:** विदेशमा रहेका नगरवासीका लागि सहजै डिजिटल माध्यम (खल्ती, ईसेवा वा रेमिट्यान्स) बाट सिधै कोषमा सानो-सानो रकम जम्मा गर्न मिल्ने संयन्त्र बनाउने।
- गौरवका ठुला आयोजनाका लागि **संघीय सरकार ५०%, प्रदेश सरकार ३०% र स्थानीय सरकार २०%** त्रिपक्षीय बजेट साझेदारी प्रयास गरिनेछ ।
- **सशर्त अनुदानको निरन्तरता:** शिक्षकहरूको न्यूनतम पारिश्रमिक, विद्यालय दिवाखाजा र नि:शुल्क पाठ्यपुस्तकका लागि वित्तीय समानीकरण र सशर्त अनुदान पूर्ण रूपमा उपलब्ध गराउने।
- 

## परिच्छेद ७
## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

यस नगर शिक्षा योजनाको कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रमअनुरुप प्राथमिकता र आवश्यकताका आधारमा क्रमशः कार्यान्विन गर्दै लगिनेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिइनेछ । प्रत्येक विद्यालय र पालिकाले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनका लागि बजेट र आवश्यक प्रवन्ध पालिकाको शिक्षा, युवा तथा खेलकुद उपशाखाले गर्नेछ । कार्यक्रमहरूको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद उपशाखा प्रमुखको संयोजकत्वमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमनपश्चात् सरोकारवालाहरूसँग समिक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचारप्रसार र सुधारका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा नगरपालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिएको छ । खासगरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद उपशाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरूबाट पनि समयसमयमा अनुगमन हुने गरेको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा समेत अनुगमन गर्ने गरिएको छ । यद्यपि अनुगमन-मूल्याङ्कनका संरचना वा निकायहरूले अझ सक्रियतापूर्वक कार्य सम्पादन गर्नुपर्ने आवश्यकता छ । बेला बेलामा अनुगमन गर्ने गरिए तापनि त्यस्ता अनुगमनले सुधारात्मक सुझाव त दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या एकातर्फ रहेको छ भने अर्कातर्फ सफलता, सिकाई र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचारप्रसारको पनि खाँचो रहेको छ । प्रचलित ऐन तथा नियमानुसार कार्य भएनभएको लेखाजोखा गर्ने, निर्धारित लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मुल्याङ्कन गरिनेछ । सङ्घमा शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुगमन तथा मूल्याङ्कन कार्यको समन्वय गर्नेछन् । सुन्दरहरैँचा नगरपालिकाले आफ्नो दीर्घकालीन शैक्षिक योजनालाई व्यवस्थित बनाउन नेपालको संवैधानिक व्यवस्था, **राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५**, र विद्यालय शिक्षा क्षेत्र योजना (SESP) को नीतिगत मस्यौदा अनुरूप **३ वर्ष (अल्पकालीन), ५ वर्ष (मध्यकालीन) र १० वर्ष (दीर्घकालीन)** अवधिको कार्यान्वयन, समन्वय तथा मूल्याङ्कन गर्न सकिने व्यवस्था गरेको छ ।

अतः सुन्दरहरैँचा नगरपालिकाको यो पञ्चवर्षीय नगर शिक्षा योजनालाई सबै सरोकारवालाहरू समक्ष जानकारी गराई सोको प्रभावकारी कार्यान्वयन भएनभएको सम्बन्धित निकायबाट निरन्तर अनुगमन गरिनेछ। साथै  अनुगमन संयन्त्र र प्रकृया तपसिलबमोजिम हुनेछ।

तालिका ३३

अनुगमान तथा जिम्मेवारी

तपसिल:

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | नगर शिक्षा समिति | अलवोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | प्रमुखले तोकेबमोजिम | आवश्यकतानुसार | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २. | वडा कार्यालय | | अध्यक्ष तथा सदस्यहरू | आवश्यकतानुसार | |
| ३. | शिक्षा विकास तथा समन्वय इकाइ | | प्रमुख तथा अधिकृतहरू | आवश्यकतानुसार | |
| ४. | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ५. | शिक्षा अधिकृत | | प्रमुख तथा अधिकृतहरू | मासिक | |
| ६. | विद्यालय सुपरिवेक्षक (तोकिएमा) | | सुपरीवेक्षक | मासिक | |
| ७. | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | प्रमुख तथा अधिकृतहरू | आवश्यकतानुसार | |
| ८. | शिक्षा विकास निर्देशनालय | | प्रमुख तथा अधिकृतहरू | आवश्यकतानुसार | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूको भेलामार्फत् जानकारी गराउने, सूचना तथा प्रविधिका विभिन्न माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछन्। योजनाको कार्यान्वयनका क्रममा नगरपालिका कार्यालय, वडा कार्यालयहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक निर्धारित कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

**७.३ उद्देश्य**

क) वार्षिक बजेट तथा कार्यक्रमको तयारी र कार्यान्वयन गर्नु।

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु।

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु।

**७.४ रणनीतिहरू**

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने

ग) शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने
घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने
ङ) योजनाको प्रविष्टि (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने
च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने
छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने
ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने
झ) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने
ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने
ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।
ठ) स्वतन्त्र टोलीद्वारा मूल्याङ्कनको विकास गर्ने

सुन्दरहरैँचा नगरपालिकाले आफ्नो दीर्घकालीन शैक्षिक योजनालाई व्यवस्थित तथा सफल बनाउन स्वतन्त्र टोली चयन , सहजीकरण, कार्यादेश (ToR) को तर्जुमा, तटस्थताको ग्यारेन्टी र तथ्यपरक निर्णयलाई आधार बनाइ एउटा स्वतन्त्र टोलीद्वारा मूल्याङ्कन गर्नु पर्नेछ ।

- ✓ **कार्यादेश (ToR) को तर्जुमा:** नगरपालिकाले मूल्यांकन टोलीका लागि स्पष्ट सूचक र कार्यक्षेत्र (Terms of Reference) तय गर्ने।
- ✓ **तटस्थताको ग्यारेन्टी:** मूल्याङ्कन टोलीमा नगरपालिकाको प्रत्यक्ष प्रशासनिक नियन्त्रण बाहिरका र राजनीतिक रूपमा तटस्थ विज्ञहरू (जस्तै: सुकुना क्याम्पसमा प्राध्यापक, शिक्षा अनुसन्धानकर्ता विशिष्ट निवृत शिक्षक तथा रोष्टर विज्ञ) मात्र राख्ने।
- ✓ **तथ्यपरक निर्णय (Evidence-based Decision):** स्वतन्त्र टोलीले दिने सुझाव र प्रतिवेदनलाई कार्यपालिका बैठकमा अनिवार्य छलफल गराई आगामी बजेट र नीति निर्माणको मुख्य आधार बनाउने।

### ७.५ उपलब्धि

**अ) उपलब्धि:** प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरू समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

**निर्णयहरू**

## सन्दर्भ सामग्रीहरू


1. **"प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७–२०८८"**
2. **स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन, २०७९**
3. **सुन्दरहरैँचा नगरपालिका , शिक्षा व्यवस्थापन कार्यविधि, २०७५**
4. **सुन्दरहरैँचा नगरपालिकाको EMIS Report ……….**
5. **विद्यालय शिक्षा क्षेत्र योजना (SESP) …………………..**
6. **SDG 4 QUALITY EDUCATION: A LEGAL GUIDE. Retrieved from https://www.right-to-education.org/sites/right-to-education.org**